# जिल्ला विकास समितिको कार्यालय, सुनसरी

## को

# सामाजिक परीक्षण प्रतिवेदन

(आ.व. २०७०/७१)

२०७१ कार्तिक २९ गते ।

# जिल्ला विकास समितिको कार्यालय, सुनसरी

# को

# सामाजिक परीक्षण प्रतिवेदन

आ.ब. २०७०/७१

**सामाजिक परीक्षक**

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क फोन : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com

**२०७१ कार्तिक २९ गते ।**

## सुनसरी जिल्लाको नक्सा



# भूमिका :

जिल्ला विकास समिति सुनसरीले सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गर्न लागि शुरु गरेको छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ का नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ । स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कायविधि २०६७ जारी गरेको छ । सोही कार्यविधिको परिधी भित्र रहेर गरिएको यो परीक्षणले सुनसरी जिल्लाको सामाजिक विकासको अवस्थाको प्रतिनिधित्व गर्दछ । यो परीक्षणमा जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र साझेदार गैससहरु समेतले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र जिल्लाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । यस प्रतिवेदनमा प्रयोग भएका सम्पूर्ण तथ्यांकहरुको स्रोत सम्वन्धित विषयगत कार्यालयहरुलाई मानिएको छ ।

यो अध्ययन २०७१ असोज र कार्तिक महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । साथै जिल्लास्थित विभिन्न ८ वटा विषयगत कार्यालयहरु को परीक्षण प्रतिवेदन, उक्त प्रतिवेदन जिल्ला स्तरीय बैठकमा प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

जिविसको कार्यालय सुनसरीको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी दिनुहुने जिल्ला विकास समितिको कार्यालय, र स्थानीय विकास अधिकारी श्री युवराज अधिकारी र तत्कालीन स्थानीय विकास अधिकारी राजेन्द्रदेव पाण्डेलाई विशेष धन्यवाद दिनचाहन्छु । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने कार्यक्रम अधिकृत अरुणकुमार मेहतालाई धन्यवाद दिन चाहन्छु । यसैगरी विषयगत कार्यालयका प्रमुखहरु तथा अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने महानुभावहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला स्तरीय भेलामा राय सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरु र अन्य सहयोगी व्यक्तित्वहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

सुनसरी जिल्लाको यो दोस्रो सामाजिक परीक्षण प्रतिवेदन हो । यद्यपी यसमा सुधारका अवसरहरु रहन सक्दछन् । जिल्ला विकास समितिले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

विदुर सुवेदी

सामाजिक परीक्षक

## विषयसूची


| विषयक्रम | | | पेज |
|---|---|---|---|
| जिल्लाको नक्सा | | | ३ |
| भूमिका | | | ४ |
| १. | पृष्ठभूमि | | ६ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | | ६ |
| ३. | अध्ययन विधि | | ६ |
| ४. | अध्ययनको सीमा | | ६ |
| ५. | बृहत् छलफल कार्यक्रमको विवरण | | ७ |
| ६. | स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण | | ७ |
| | ६.१ | स्थानीय निकायको परिचय | ७ |
| | ६.२ | स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू | ८ |
| | ६.३ | गतवर्षको मुख्य मुख्य उपलब्धिहरू | ८ |
| | ६.४ | यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू | १० |
| | ६.५. | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | १७ |
| | ६.६. | गत वर्षमा भोगेका समस्याहरू | ३६ |
| | ६.७. | सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव | ३७ |
| ७ | विषयगत कार्यालयहरुको विवरण | | ३८ |
| | ७.१. | जिल्ला शिक्षा कार्यालय, सुनसरी | ३८ |
| | ७.२ | महिला तथा वालवालिका कार्यालय | ४० |
| | ७.३ | जिल्ला विकास समितिको कार्यालय, सुनसरी | ४३ |
| | ७.४ | जिल्ला स्वास्थ्य कार्यालय, सुनसरी | ४७ |
| | ७.५ | जिल्ला कृषि विकास कार्यालय, सुनसरी | ४९ |
| | ७.६ | जिल्ला पशुसेवा कार्यालय, सुनसरी | ५१ |
| | ७.७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी | ५३ |
| | ७.८ | घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी | ५५ |
| ८ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | | ५७ |
| ९ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु | | ५८ |
| ११. | सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | | ५९ |
| सन्दर्भ सामग्रीहरु | | | ६० |
| वृहत छलफलको निर्णय तथा उपस्थिती विवरण | | | |

## १.	पृष्ठभूमि

स्थानीय निकायहरु स्वायत्त छन् । यी निकायहरुको कार्यसंचालनका नीतिगत आधारहरु भनेका स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, आर्थीक तथा प्रशासनीक नियमावली २०६४ हरु हुन् । स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली २०६४ को नियम २०१ (१) ले स्थानीय निकायको सामाजिक परीक्षण सम्वन्धी व्यवस्था गरेकोछ । जस अन्तर्गत स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान राखेकोछ । स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ स्थानीय विकास मन्त्रालयले जारी गरेको छ । स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य सामाजिक परीक्षण हो । सामाजिक परीक्षण सम्पन्न गर्नु जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको सूचक समेत भएको हुँदा स्थानीय निकायको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्न यो सामाजिक परीक्षण गरि प्रतिवेदन प्रस्तुत गरिएकोछ ।

## २.	सामाजिक परीक्षणको उद्देश्य

सामाजिक परीक्षण्का उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।
- स्थानीय निकायले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## ३.	अध्ययन विधि

सामाजिक परीक्षणको अध्ययन विधि सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए बमोजिम रहेको छ । मुख्यतः यो परीक्षणको अध्ययन विधि निम्न अनुसार रहेकोछ ।

- स्थानीय निकायका सामाजिक जिम्मेवारी सम्वन्धी नीति नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन
- विषयगत कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ४.	अध्ययनको सीमा

यो अध्ययन स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को परीधी भित्र रहेको छ । जिल्ला विकास समिति र सामाजिक विकास सँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषयक्षेत्रभित्र रहेका छन् । यो अध्ययनले जिल्ला विकास समिति अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको मात्र प्रतिनिधित्व गर्दछ । तर समग्र जिल्लाको सामाजिक विकासको प्रस्तुती गरेको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७१ साल कार्तिक २८ गते ।
ख) स्थान : जिल्ला विकास समितिको सभाकक्ष
ग) समय : दिउसो ११ बजे ।
घ) उपस्थिति संख्या : ४७ जना ।

## ६. स्थानीय निकाय र विषयगत कार्यालय विवरण [1]

## ६.१ स्थानीय निकायको संक्षिप्त परिचय

- सुनसरी जिल्ला पूर्वाञ्चलको तराईमा अवस्थित जिल्ला हो । यसको क्षेत्रफल ८८७.७ वर्ग किलोमिटर रहेको छ । पूर्वमा मोरंग , उत्तरमा धनकुटा, पश्चिममा सप्तरी र उदयपुर र दक्षिणमा भारतको बिहार राज्य पर्दछन् । समुद्र सतह भन्दा १२० मिटर देखि २७०२ मिटरको उचाइ सम्म फैलिएको यो जिल्लामा उचाइ अनुसार भिन्न भिन्न (उष्ण, उपोष्ण र शीतोष्ण) हावापानी पाइन्छ । नदीनाला बाहेक जिल्लाको भूवनावट करिब समथर र केही भाग भिरालो रहेको छ ।
- प्रशासनिक दृष्टिकोणले सुनसरी जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको मध्य केन्द्रमा रहेको मानिन्छ । यो जिल्लामा ६ वटा निर्वाचन क्षेत्र, १५ वटा इलाका, ४९ वटा गाविस र ३ वटा नगरपालिका रहेका छन् । ईनरुवा नगरपालिका जिल्ला सदरमुकाम प्रशासनिक केन्द्रको रुपमा रहेको छ । सदरमुकामदेखि यहाँका गाविसहरु ५० किलोमिटर सम्मको दूरीमा रहेका छन् । नियमित यातायात नभए पनि सुख्खा मौसममा हरेक गाविस छुनेगरी सडक सञ्जाल अन्तर्गत यातायातका साधनहरु पुग्न सक्दछन् ।
- राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लामा १६२४०७ घरधुरी रहेको छ । जिल्लाको कूल जनसंख्या ७६३४८७ रहेको छ । जसमा महिलाको जनसंख्या ३९२२५८ र पुरुषको जनसंख्या ३७१२२९ (४६.८२ प्रतिशत) रहेको छ ।
- जिल्लामा मेडिकल कलेज १, सरकारी अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र ५, स्वास्थ्य चौकी २३, उपस्वास्थ्य चौकी २४, निजी अस्पताल ६, सामुदायिक अस्पताल २, परिवार नियोजन सम्वन्धी संस्था २ र आयुर्वेद औषधालय ४ गरी जम्मा अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी २४, उपस्वास्थ्य चौकी ११ र आयुर्वेद औषधालय २ गरी जम्मा ४० वटा स्थानबाट २३० दरवन्दी मध्ये १८५ ज ना स्वास्थ्य कर्मीबाट स्वास्थ्य सेवा उपलब्ध भएको ।
- शिक्षा तर्फ प्रावि २३८, निमावि ६८, मा.वि ५०, उमावि ४१ र वाल विकास केन्द्रहरु ७४६ वटा छन् । मदरसा ८४, गुम्बा ४, गुरुकुल ७ र नीजि विद्यालयहरु २८८ वटा रहेका छन् । जिल्लाको साक्षरता प्रतिशत ६८.४६ रहेको छ । जसमा पुरुष साक्षरता प्रतिशत ७६.९६ प्रतिशत र महिला साक्षरता ६०.४९ प्रतिशत रहेको छ ।

[1] सामाजिक परीक्षण कार्यविधि को बुँदा १०.३ सँग सम्वन्धित विवरण । अनुसूची २ बमोजिम ।

## ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

जिल्ला विकास समितिको कार्यालय सुनसरीले विकासका लक्ष्य र प्राथमिकताहरु निम्न अनुसार तय गरेको छ ।

- सहभागितात्मक योजना तर्जुमा र दिगो विकास
- दिगो कृषि प्रणाली
- लैंगिक समानता र सामाजिक न्याय
- संस्थागत विकास
- सामाजिक तथा समावेशी विकास
- ग्रामिण पूर्वाधारको स्तरोन्नती
- सुशासन प्रवर्द्धन
- ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउने ।
- जिल्ला परिषदमा प्रस्तुत जिल्लाको वार्षिक बजेट विवरण (रु.मा) ४ अरव ९ करोड ३१ लाख ५६ हजार ५८८
- चालु : १ अरव ४० करोड २० लाख ८२ हजार ८४३ रुपैंयाँ
- विकास खर्च : २ अरव ६९ करोड ५ लाख १७ हजार ७४५ रुपैंयाँ

  - पूर्वाधार तथा संरचना विकास : ६२ करोड २६ लाख ५६ हजार ५००
  - वन तथा वातावरण : ४७ करोड ६० लाख ५० हजार
  - जनसंख्या तथा सामाजिक : १ अरव ६२ करोड २७ लाख ७२ हजार १४०
  - जलश्रोत तथा भूमि व्यवस्था : ४६ करोड ६१ लाख १५ हजार
  - आर्थिक विकास अन्तर्गत : ९४ करोड२८ लाख ३० हजार

- सामाजिक विकासमा ४४.२० प्रतिशत रकम विनियोजन भएको देखिन्छ ।)
- जिल्ला विकास समिति बाट लक्षित विकास कार्यक्रममा २ करोड ११ लाख २३ हजार २९४ खर्च प्रस्ताव भएको छ ।

## ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :

जिल्ला विकास समिति सुनसरीले गत वर्ष सामाजिक उपलब्धीहरु हासिल गरेको छ । जिविस, विषयगत कार्यालयहरु र गैससहरुबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ । सामाजिक उपलब्धीहरु विस्तृत विवरण बुँदा नं. ६.५ मा प्रस्तुत भएकोछ । यद्यपी यहाँ संक्षिप्त रुपमा जिविसले हासिल गरेका सामाजिक उपलब्धीहरु उल्लेख गरिएको छ ।

जिल्ला विकास समिति सुनसरीमा आर्थीक वर्ष २०६९/७० मा निम्नानुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

- हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार भई स्वास्थ्य सेवाको पहुँचमा सहजता भएको ।
- वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।
- ५ वर्ष मुनीका  बालबालिकाहरुमध्ये ६२५४५ जना ४४ प्रतिशतको वृद्धि अनुगमन गरिएको
- डिपिटी ८९, विसिजी ७३, मिजल्स ८५ प्रतिशत वालवालिकाहरुमा कभरेज भएको देखिएको
- मिजल्सको कभरेज वृद्धि भएको । २०२०४ जना गर्भवती महिला लक्ष्य गरिएकोमा प्रथम पटक ९२ प्रतिशतले जाँच गराए पनि चार पटक जाँच पुरा गर्ने प्रतिशत ४४ प्रतिशत मात्र रहेको ।
- १७७२० जनाले आइरन चक्की प्राप्त गरेको ।
- ३२०१ जनालाई गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा उपलब्ध गराइएको ।
- ७०९७ जनालाई आमा सुरक्षाको कार्यक्रम अन्तर्गत शोधभर्ना तथा यातायात खर्च उपलब्ध गराइएको ।
- नियमित रुपमा खानेपानीको परिक्षण तथा  उपचार गरिएको ।
- ७० प्रतिशत घरपरिवारमा शौचालय सुविधा उपलब्ध भएको ।
- पाँच वर्षे जिल्ला सरसफाई कार्ययोजना कार्यान्वयन भईरहेको ।
- ४९२ विद्यालयहरुमा खानेपानी सुविधा उपलब्ध भएको ।
- वालविवाह विरुद्धमा सचेतना बढेको ।
- औपचारिक रुपमा वालविवाह भएको तथ्यांक देखिन नसकेको ।
- जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्बादहरु भइरहेका ।
- ज्येष्ठ नागरिक भत्ता :जम्मा १५८४९ जनाले प्राप्त गरेको ।
- असहाय विधवा भत्ता : १६२९१ जनाले प्राप्त गरेको
- अशक्त भत्ता : ४९२ जनाले पाएको ।
- दलित ज्येष्ठ नागरिकहरु ३२२२ जनाले भत्ता प्राप्त गरेको ।
- जिविसले कूल २१६८१० हजार रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको ।
- महिला ३२ र पुरुष १६ समेत जम्मा ४८ जनालाई रु. १२२८८२ ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा प्रदान गरिएको ।
- क वर्ग १०८, ख वर्ग २०१, ग वर्ग १८९ र घ वर्ग ३७ जना गरी जम्मा ५३५ जनालाई अपांग परिचय पत्र प्रदान गरिएका
- यद्यपी नगर क्षेत्र (धरान र इटहरीमा मात्र)  १५६५ जना वाल श्रमिक देखिएका । हाल ३७७ वटा बालक्लवहरु क्रियाशिल रहेका । यस वर्ष ५२ वटा बालक्लव थप भएका ।
- गाविसहरुमा वालसंरक्षण उपसमिति रहेका । ३६ वटा गाविसहरुमा बालक्लब संजाल रहेका ।सबै स्थानिय निकायहरुमा वाल क्लव सञ्जाललाई एकिकृत योजना समितिमा सहभागि गराईएको
- रु. २५००० बाल राहत कोष परिचालनमा रहेको ।
- महिला हिंसा सम्वन्धी परेका ५१९ वटा उजुरीहरुमा ३४२ वटा न्यूनीकरण गरिएको ।
- जिल्ला विकास समितिबाट सञ्चालन गरिएका कामहरुबाटअल्पकालीन तथा दीर्घकालीन करीव ५००० जना रोजगारी सिर्जना

- महिलाहरुलाई लोकसेवा तयारी कक्षामा सहभागी गराईएको ।
- जिविसको लक्षित क्षेत्रको कार्यक्रमबाट उद्यमी विकास तालिम सञ्चालन गरिएको ।
- उद्यमीहरुलाई उपकरण हस्तान्तरण गरिएको ।करीव १०० महिला र ५० पुरुष गरी जम्मा १५० जनालाई उद्यमशिलता विकास तालिम उपलब्ध गराइएको ।
- करीव २२५ जना ( महिला र पुरुष) लाई सीप विकास तालिम उपलब्ध गराइएको ।
- दैनिक १०६ मेट्रीक टन दुध विक्रीबाट आम्दानी हुने गरेको ।
- कुखुराको मासु वार्षिक २५९६ मे.ट. राँगा भैंसीको मासु २००४, खसि बोकाको २०७९, वंगुरको २५९४ वार्षिक मे ट.उत्पादन
- वार्षिक ३११२०००० वटा अण्डा उत्पादन र विक्रि व्यवसायबाट कारोबार भइरहेको ।
- ३०००० भन्दा बढी महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको ।
- ४९ गाविसमा ३५ वटा नागरिक सचेतना केन्द्र, गठन भएको । नागरिक सचेतना केन्द्र मार्फत १०८२ विपन्न परिवार लाभान्वित भएका ।
- वडा नागरिक मंच मार्फत ७९३८ जना सहभागी रहेका ।
- महिला विकास कार्यक्रम अन्तर्गत २३१९ समूह, २५४ समिति र ३२ वटा संस्था तथा समूह सदस्य १२६२३ समिति सदस्य संख्या ८९४२ र संस्था सदस्य संख्या ६७७३ रहेको ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता ।
- सामाजिक परिचालन अन्तर्गत नागरिक सचेतना केन्द्रका १२७४ सहभागीमध्ये १०२९ महिला र वडा नागरिक मंचमा सहभागी ११०२५ जनामध्ये ५२५१ महिला सहभागिता रहेको
- अपांग समन्वय समितिको गठन भएको । तथा जिल्लाका सबै गाविसहरुमा अपांग परिचय पत्र वितरण गरिएको छ ।

## ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू

सुनसरी जिल्ला विकास समिति अन्तर्गत भएका गतिविधिहरुबाट आर्थिक वर्ष २०७०/०७१ मा भएका मुख्य मुख्य सामाजिक उपलब्धिहरु निम्न अनुसार रहेका छन् ।

१ स्वास्थ्य

- वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।
- हरेक गाविसमा तथा नगर पालिकाहरुमा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको
- लक्षित ५ वर्ष मुनीका लक्षित गरिएका ७५९४६ जना मध्ये २९ प्रतिशत र १ वर्ष मुनीका ८१ प्रतिशत बालबालिकाको वृद्धि अनुगमन भएको छ ।
- एक वर्ष मुनीका बालबालिकाहरुका आधारमा विसिजी १०० प्रतिशत, डिपिटी तथा हेपाटाइटीस वि ९७ प्रतिशत, पोलियो ९७ प्रतिशत, मिजल्स ९४ प्रतिशत, कभरेज भएको ।
- गत वर्ष भन्दा विसिजीमा २७, डिपिटीमा ८, पोलियो ८, मिजल्स मा ९ प्रतिशतले वृद्धि भएको देखिएको छ ।
- कूल गर्भवती महिला मध्ये पहिलो पटक आउने ७२ प्रतिशत देखिन्छन् भने चार पटक जाँच पुरा गर्ने महिलाहरु ५९ प्रतिशत देखिएका छन् ।
- १६५९८ जना नयाँ गर्भवती महिलाहरुले आइरन चक्की प्राप्त गरेको ।

- दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिलाहरु प्रतिशत ३४ प्रतिशत देखिन्छन् । अघिल्लो वर्ष ७७ प्रतिशत रहेको देखिएको ।
  झाडा पखालाबाट बालबालिकाको मृत्यु भएको नदेखिएको । तर प्रतिहजार ६३२ जना झाडापखाला रोगको संक्रमणमा परेको देखिएको । गत वर्ष ५८७ जना रहेको थियो ।
- जिल्लाको कूल जनसंख्याको ५८ प्रतिशत जनसंख्याले सेवा लिएको देखिएको । गत वर्ष ६७ प्रतिशत जनसंख्याले सेवा लिएको देखिएको थियो ।

## २ शिक्षा

- प्राथमिक विद्यालयमा अध्यापन गराउने १०० प्रतिशत शिक्षकले तालिम लिएको देखिन्छ ।
- विद्यालयमा जम्मा ३५१७ कक्षा कोठा रहेका देखिन्छन् । यो वर्ष विद्यालयमा १०४ वटा कोठा थप भएको छ । स्थानीय निकायबाट विद्यालयमा घेराबारा निर्माण तथा मदरसा संचालनमा सहयोग पुगेको देखिन्छ ।
- विद्यालयहरुमा दलित छात्रवृति अन्तर्गत आधारभूत तहमा १९४४२ जना र माध्यमिक तहमा १५४४ जनाले छात्रवृति प्राप्त गरेका छन् जसले गर्दा उनीहरुको पढाइमा निरन्तरता रहेको देखिन्छ ।

## ३ खानेपानी तथा सरसफाई

- जिल्लामा अत्यावश्यक सामुहिक तथा निजि धाराहरु वितरण गरिएको छ । जसका कारण जिल्लामा हाल ८८ प्रतिशतले पिउने पानी प्राप्त गरेका देखिन्छन् ।
- नियमित रुपमा खानेपानीको परिक्षण तथा उपचार गरिएको पाइन्छ ।
- जिल्लाका ८६ प्रतिशत घर परिवारमा शौचालय सुविधा पुगेका देखिन्छ । यो प्रगति अघिल्लो वर्ष भन्दा १५ प्रतिशत सरसफाई कभरेज बढेकोले भएको हो ।
- यो वर्ष ११ वटा गाविस र एक वटा नगरपालिका खुल्ला दिसामुक्त भएका । जम्मा २२ गाविस र दुई वटा नगरपालिका खुल्ला दिसामुक्त भएको ।
- ३५३ वटा विद्यालयमा शौचालयको व्यवस्था भएको । यस वर्ष ३३ वटा छात्रा शौचालय वातावरणीय सुधार सहित ४९ वटा शोचालय थप गरिएको छ ।
- कूल सामुदायिक विद्यालय मध्ये अझै केही विद्यालयहरुमा खानेपानी सुविधा नभएको ।

## ४ बालबालिका, महिला तथा समावेशी क्षेत्र

- वालविवाह विरुद्धमा सचेतना बढेको ।
- जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि अभियानहरु संचालन भएका ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सहज बनाउन सबै गाविस तथा नगर पालिका हरुमा अपांगता परिचय पत्र वितरण भएको ।
- वार्षिक रुपमा तथ्यांक अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण गाविस अनुसार प्रकाशन गरिएको
- गत आ.व.मा ज्येष्ठ नागरिक भत्ता :जम्मा १७४०६ जना, असहाय विधवा भत्ता : १७६३२ जना, अशक्त भत्ता : ६१३ जना, दलित ज्येष्ठ नागरिकहरु ३६५७ जना र लोपोन्मुख १० जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिएको छ ।
- जिविसले कूल रु २३०८९७८०० रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको छ ।

## ५ जनचेतना तथा गरिवी निवारण

बाल श्रमको अवस्था

- बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुनथालेको ।
- यद्यपी नगर क्षेत्र (धरान र इटहरीमा मात्र) १५६५ जना वाल श्रमिक देखिएका ।

बाल क्लवहरूको अवस्था

- जिल्लामा ३७८ वटा बालक्लवहरु, ८ गाविसहरुमा वालसंरक्षण उपसमितिहरु र ३६ वटा गाविसहरुमा बालक्लब संजाल रहेकाछन् जसमा करीव ३८०० वाल वालिका वाल ब्लवमा आवद्ध रहेका छन् ।
- सबै स्थानिय निकायहरुमा वाल क्लव सञ्जाललाई एकिकृत योजना समितिमा सहभागि गराईएकोछ ।
- बाल राहत कोषमा रु ३५०००० जम्मा भएको छ । जसबाट ६ जना वालिका तथा एक वालक गरी १८ जनाले ८४०० रुपैया राहत कोषबाट प्राप्तगरेका छन् ।

महिला हिंशा

- जिल्लामा गत वर्ष महिला हिंसा सम्वन्धी परेका ५१९ वटा उजुरीहरुमा ३४२ समाधान र १७७ वटा कानुनी कार्वाहीका लागि पठाईएको छ । महिलासँग काम गर्ने संस्थाहरुसँग मिलेर महिला हिंसा विरुद्धका अभियानहरु संचालन भएको । गत वर्ष भन्दा ४०९ वटा वढी घटनाहरु उजागर भएका ।

रोजगारी तथा स्वरोजगारको अवस्था

- युवा रोजगारी सिर्जनामा सहयोग पुगेको छ ।
- घरेलु तथा साना उद्योग विकास समितिबाट २१७ जनालाई उद्यमशीलता विकास तालिम र २१४ जना लाई सीप विकास तालिम प्रदान गरिएकोछ । विभिन्न वर्गका ५२ जनालाई ५२ थान विभिन्न मेशिन हस्तान्तरण गरिएको छ । जसमा मैन वत्ति डाइ २४ थान, सिलाइ मेशिन १४ थान, मुर्ति वनाउने रवरको डाइ ९, वुटिक तान २ थान, अर्चा वुटिक २ थान, इम्ब्रोइडरी मेशिन १ थान रहेका छन् ।
- जिविसको लक्षित क्षेत्रको कार्यक्रमबाट समेत स्वरोजगार सिर्जना हुने प्रकृतिका तालिमहरु उपलब्ध गराइएको छ ।
- जिल्ला कृषि विकास कार्यालय अन्तर्गतको सेवाबाट १७०० युवाहरु तरकारी खेतीमा संलग्न भएको देखिएको छ ।

गरिवी निवारणका प्रयासहरू

- जिल्लामा दैनिक १०५ मेट्रीक टन दुध विक्री भएको छ । कुखुराको मासु वार्षिक ९३१४ मे.ट.खपत भइरहेको छ । वार्षिक ३११२१००० वटा अण्डा उत्पादन र विक्रि व्यवसायबाट कारोबार भइरहेको देखिन्छ ।
- ३०००० भन्दा बढी महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुगेको देखिन्छ ।
- व्यवसायिक काँक्रो खेतीबाट ४८ लाख आम्दानी बढेको देखिन्छ । २५ विगाहामा बेसार खेति प्रवर्द्धन भएको छ । २० हेक्टर माछा पोखरी निर्माण भई ७० मे.ट. माछा उत्पादनमा वृद्धि भएको छ ।

- व्यवसायिक तरकारी खेतीबाट १५ सय कृषक लाभान्वित भएका तथा १ करोड ४८ लाख भन्दा वढीको कारोबार भएको ।
- पशु सेवा कार्यालयबाट सेवा प्राप्त गर्ने समुदायमा १५.३१ प्रतिशत दलित, ३२.४७ प्तिशत जनजाति, र ४८.८१ प्तिशत अन्य समूदाय लाभान्वित भएका छन् ।
- गरिवी निवारणका लागि घरेलु तथा साना उद्योग विकास समिति र मेडेप बाट महिला ५६७ र पुरुष ६३ गरी जम्मा ६३० जना उद्यमी लाभान्वित भएका भएका छन् ।

सामाजिक परिचालन

- ४९ गाविसमा ४९ वटा नागरिक सचेतना केन्द्र, गठन भएको छ । नागरिक सचेतना केन्द्र मार्फत १२७४ विपन्न परिवार लाभान्वित भएका । जसमा दलित ११८५ जना, जनजाति ५५ जना र अन्य ३३ जना सहभागि रहेकाछन् ।
- वडा नागरिक मंचले योजना तर्जुमा प्रक्रियामा भूमिका खेलिरहेको छ ।

वातावरण सुधारका प्रयासहरू

- जिल्ला कृषि विकास कार्यालय अन्तर्गत ३० वटा भकारो सुधार निमार्ण द्वारा कम्पोस्ट मलको उपलब्धता वढ्ने तथा मुत्र संकलन भई रासायनिक मलको प्रयोगमा कटौती ।
- ८० वटा उद्योगमा पीसीसी सम्वन्धी छलफल कार्यक्रम संचालन भएको । २० वटा उद्योगहरुमा पीसीसी गतिविधिहरु संचालन भएको ।
- ४६ गाविसहरु र ४ वटा नगरपालिकाका सरोकारवालाहरुले वातावरणीय कानुन सम्वन्धमा आधारभूत जानकारी प्राप्त गरेका ।
- १० घरधुरीहरुमा वायो ग्याँस प्लान्ट निर्माण भएको ।
- विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले विद्यालय वातावरण कार्यक्रमबारे जानकारी हासिल गरेका ।

एच.आई.भि र एड्स

- जिल्लामा १००३ जना संक्रमितहरुले सेवा केन्द्रहरुबाट सेवा तथा परामर्श लिइरहेका छन् ।

विकासमा समान सहभागिता

- सामाजिक परिचालन, लक्षित समूह विकास कार्यक्रमले महिला सहभागिता वढाएको छ । विकास प्रतिफल पाउने हिसाबले लक्षित समूह विकास कार्यक्रमबाट अपांगता तर्फ २९९ जना महिला र ३४६ पुरुष, ज्येष्ठ नागरिकहरु १५ महिला र २० पुरुष, दलित तर्फ ३२४ महिला र २४५ पुरुष, महिला तर्फ १७१० र ३२३ पुरुष, ३४७ महिला र ३५१ पुरुष गरी जम्मा २६९५ महिला र १२८५ पुरुष गरी जम्मा ३९८० जना लाभान्वित भएको देखिन्छ ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता ।
- सामाजिक परिचालन अन्तर्गत नागरिक सचेतना केन्द्रका १२७४ सहभागीमध्ये २४५ पुरुष र १०२९ महिला र वडा नागरिक मञ्चमा महिला ३२५१ र पुरुष ४६८७ जना रहेका ।

## ६ सेवाहरूमा पहुँच

- स्थानीय वजार पुग्न लाग्ने समय स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको ।
- जिल्लामा कृषि सेवाकेन्द्रहरुको संख्या ४ वटामात्र रहेकोछ । प्रति सेवा केन्द्र सेवा पुग्नु पर्ने क्षेत्र १२ गाविस तथा १ नगरपालिका रहेको देखिन्छ । यसकारण जिल्लाका ४९ वटा गाविस मध्ये ३७ वटा गाविसमा कृषि सेवा सहज नरहेको देखिन्छ । कृषि प्राविधिक अनुपात सुनसरी जिल्लामा १: १७६४७ कृषकहरु रहेका छन् ।

भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू

- जिविसले लक्षित समूहहरुका लागि गत वर्ष ९६ वटा योजनाहरुमा रु. ७४१८०९५ सामाजिक विकासको क्षेत्रमा खर्च गरेको देखिन्छ ।
- (दलित वर्ग उत्थान १६ वटा, आदिवासी जनजाती १७, अपांग सहयोग ११ वटा, महिला विकास कार्यक्रम ३९ वटा, ज्येष्ठ नागरिक १,तेस्रो लिंगि ४,युवा विकास २ वटा र वाल विकास कार्यक्रम ११ ,पिछडा वर्ग ११ वटा)
- लक्षित समुदाय विकास कार्यक्रमबाट जम्मा २६९५ महिला र १२८५ पुरुष गरी जम्मा ३९८० जना लाभान्वित भएको देखिन्छ ।
- जिल्लामा आदिवासी जनजाती जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, अपांग समन्वय समिति र महिला समन्वय समितिहरु रहेका छन् ।
- जिल्ला परिषदले महिला, वालबालिका सम्वन्धी नीति, आदिवासी, जनजाती, दलित, मुस्लीम, मधेशी, पीछडा वर्ग सम्वन्धी आर्थीक, सामाजिक, विकास सम्वन्धी नीतिहरु पारित गरेको छ ।
- आदिबासी तथा जनजाती सम्वन्धी जिविसको कार्यालयले १६७६७७० रकम खर्च गरेको छ । जसमध्ये जिल्लामा रहेका १४ वटा एकल जातीय समूहहरुलाई रु. १५००० का दरले सांस्कृतिक चाड पर्व सहयोग भेषभुषा खरिदका लागि रु. ५५५५ का दरले र संस्थागत विकासका लागि रु. ६००० का दरले सहयोग गरेको छ । १९१ जनालाई लोकसेवा तयारी कक्षा, उच्च शिक्षा अध्ययन गर्ने ३६ जनालाई जम्मा १ लाख छात्रवृति प्रदान गरिएको छ । ४० परिवारलाई २ लाख रकमका बंगुर वितरण गरिएको छ । च्याउ खेती तालिम ९० जनालाई प्रदान गरिएको छ । मल उत्पादन तथा प्रांगारिक तरकारी खेती तालिम ८० जनालाई उपलब्ध गराइएको छ । आल्मुनीयम फेब्रीकेशन तालिम ९० जनालाई उपलब्ध गराएको देखिन्छ । ३८ जनालाई परियोजना प्रस्ताव लेखन तालिम उपलब्ध गराइएको छ । ९५ जनालाई आइएलओ अभिमुखिकरण तालिम उपलब्ध गराइएको छ । उद्घोषण तालिम ३८ जनालाई उपलब्ध गराइएको छ ।
- दलित उत्थानका लागि जिविसको कार्यालयले ११२६ हजार बजेट खर्च गरेको छ । जसबाट ४७ परिवारले बाखा प्राप्त गरेका छन् । ४१ जनाले छात्रवृति प्राप्त गरेका छन् । ३५ जना डोम समुदाय र ३५ अन्य गरी जम्मा ७० जनाले मुढा बनाउने तालिम प्राप्त गरेका छन् । राम नगर भुटाहामा १५ जनाले मोटरसाइकल मर्मत तालिम प्राप्त गरेका छन् ।
- अपांगता भएकाहरुका लागि ५९८ हजार बजेट खर्च भएको देखिन्छ । जसबाट अपांगता भएकाहरु २५ जनालाई सामग्री वितरण गरिएको छ । ४३ जनाले सजावट बनाउने तालिम पाएका छन् । २६७ जना स्वास्थ्य शीविरबाट लाभान्वित भएका छन् । ९३ जना अपांगता सम्वन्धी अभिमुखिकरणबाट लाभान्वित भएका छन् ।

- ज्येष्ठ नागरिकहरुका लागि जम्मा २०७६६९ रकम खर्च भएको छ। जसबाट ३५ जना ज्येष्ठ नागरिकहरु सम्मानित भएका र एक वटा वृद्धाश्रमलाई संस्थागत विसका सहयोग भएको छ ।
- महिला विकास कार्यक्रम अन्तर्गत बेमौसमी तरकारी तालिम ४ वटा सम्पन्न भएको छ । जसबाट १३३ जना लाभान्वित भएका छन् । सीप विकास तालिम (सिन्के चाउ चाउ, गुन्द्री बनाउने तालिम, सिलाई कटाई, बुटीक तालिम, च्याउ खेती,) ७ वटाबाट १४४ जना लाभान्वित भएका छन् । २५ वटा कार्यक्रमहरु नेतृत्व विकास, संस्थागत क्षमता विकास तथा सचेतनामूलक गतिविधिहरु सम्पन्न भएका छन् ।
- बालबालिकाका लागि ११ वटा योजनामा जम्मा ११५७६५६ खर्च भएको देखिन्छ । बालबालिकाका लागि समग्र रकम सामाजिक क्षमता विकासमा खर्च भएको छ । यस कार्यक्रमबाट १९० बालिका र १८१ बालकहरु गरी जम्मा ३७१ जना लाभान्वित भएका देखिन्छन् ।

**७ संस्थागत क्षमता**

- जिविसले गत आ.व.मा १ जना महिला कर्मचारी थप गरेको छ ।
- जनशक्ति विकास अन्तर्गत कर्मचारी तथा पदाधिकारीहरु, समेतलाई तालिम अध्ययन अवलोकन भ्रमणको आयोजना गरिएकोछ ।
- जिल्ला सुशासन विज्ञ एकजना र सूचना प्रविधि विज्ञ एक जनाबाट सेवा प्रवाह भइरहेको छ ।
- जिल्ला विकास समिति न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा भएको छ ।
- ज्येष्ठ नागरिकहरुलाई वैंक खाता मार्फत ६ गाविस र ३ नपामा जम्मा गरिएको छ ।
- जिविससँग सहकार्य गर्नका लागि जिविस गैसस साझेदारी नीतिको निर्माण भएको छ ।
- जिविसले परिषद मार्फत विभिन्न १९ वटा क्षेत्रहरुको विकास नीतिहरु निर्माण गरेको छ ।
- जिल्ला विपद् व्यवस्थापन योजनालाई कार्यान्वयन गर्न शुरुवात गरिएको छ ।
- सहकारिताको माध्यमबाट आर्थीक तथा सामाजिक विकासमा जोड दिने नीति पारित गरिएको छ ।
- वार्षीक खरिद गुरु योजना पारित गरिएको छ ।
- क्षमता विकास योजनालाई अद्यावधिक गर्ने नीति पारित गरिएको छ ।
- भौतिक व्यवस्था अन्तर्गत जिविस सँग ३८ वटा कोठा भएका भवन २ वटा, सभाहल १ वटा, माटो परीक्षणशाला १ वटा रहेको छ ।
- कार्यालयमा २५ वटा डेस्कटप, ल्यापटप १५ फोटोकपी मेसिन १, प्रीन्टर, १५, मल्टिमिडिया प्रोजेक्टर १, फ्याक्स १ वटा टेलीफोन लाईन १० वटा, स्क्यानर ३, एडिएस एल इन्टरनेट, इमेल रहेको छ । २ वटा गाडी, १५ मोटरसाइकल छन् ।
- जिविसले समन्वय र सहकार्यका प्रयासहरू अन्तर्गत पाँच वटा विषयगत समिति मार्फत विभिन्न विकास निकाय र गैससहरुसँग समन्वय र सहकार्य भइरहेको छ ।
- महिला, दलित, अपांगता, जनजाती तथा आदिवासी विकास समन्वय समितिहरु क्रियाशिल रहेका छन् ।
- जिविसले इच वान, टिच वान नीति अन्तर्गत साक्षरता प्रवर्द्धनका लागि जिशिका र गैससहरुसँग समन्वय गरि कार्यक्रम कार्यान्वय गरिएको छ ।

- जिविसले विभिन्न सामाजिक सम्पादनका क्षेत्रहरुमा आफ्नो समन्वयात्मक भूमिका प्रदान गरिरहेको छ । गत वर्ष सामाजिक परीक्षण, लैंगिक तथा सामाजिक समावेशी बजेट परीक्षण सम्पन्न गराएको छ । साथै २ वटा गाविसहरुको सामाजिक परीक्षण गराएको छ ।
- जिविसका गतिविधिहरु सार्वजनिक गर्नका लागि साप्ताहिक रुपमा सप्तकोशी र पपुलर एफ एम बाट जिविस विकास गतिविधिहरु संचालन गरिरहेको छ ।
- प्रकोप जोखिम न्यूनीकरण योजना अद्यावधिक गरेको छ ।
- जिविसको कार्यालयले उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरु, कर्मचारीहरु, जिविस कर्मचारी र गाविस सचिवहरु, संचारकर्मीलाई पुरस्कृत गरेको छ ।
- बालमैत्री अवधारणाका लागि २५ वटा गाविस र ३ न.पा.मा समिति गठन भएको छ भने सबै गाविसमा गाविस सा.प. र सचिवहरुलाई अभिमुखीकरण गरिएको छ ।
- धरान र ईंटहरी नगरपालिकाहरुलाई बालमैत्री नगरपालिका घोषणा गर्न पांच वर्षे रणनिती तयार गरिएको छ । जिल्ला बालमैत्री योजना तयार गरिएको छ ।

## ६.५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | ०७१साल असार मसान्त सम्मको प्रयास | उपलब्धि |
|---|---|---|---|
| **१ स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित ९५ प्रतिशत घरधुरीमा पहुंच । | • ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड ।<br>• हरेक गाविसमा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>• वडा स्तरमा खोप कार्यक्रम संचालन<br>• महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम | • हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार भई स्वास्थ्य सेवाको पहुँचमा सहजता भएको ।<br>• वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>• हरेक गाविसमा तथा नगर पालिकाहरुमा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ६८०५२ जना । | • ५ वर्ष मुनीका ७५९४६ जना ववालवालिकाहरुको वृद्धि अनुगमन को लक्ष्य गरिएको । | • लक्षित ५ वर्ष मुनीका २१७५९ जना वालवालिकाहरु (२९ प्रतिशत) र १ वर्ष मुनीका ८१ प्रतिशत बालबालिकाको वृद्धि अनुगमन भएको छ । |
| खोपमा पहुँच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | विसिजी : ७३<br>डिपीटी र पोलियो ८९<br>मिजल्स ८४ प्रतिशत | • विसिजी, डिपिटी, मिजल्स र टीटी खोपहरु वडा स्तरमा उपलब्ध गराइएको ।<br>• पोलीयो र भिटामिन ए सम्वन्धी अभियानहरु संचालन गरिएको । | • विसिजी १०० प्रतिशत, डिपिटी तथा हेपाटाइटीस वि ९७ प्रतिशत, पोलियो ९७ प्रतिशत, मिजल्स ९४ प्रतिशत, कभरेज भएको ।<br>• गत वर्ष भन्दा विसिजीमा २७, डिपिटीमा ८, पोलियो ८, मिजल्स मा ९ प्रतिशतले वृद्धि भएको देखिएको छ । |

| | | | |
|---|---|---|---|
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ५४ प्रतिशत | • स्वास्थ्य चौकीहरुमा समेत गर्भवती जाँच सेवा उपलब्ध गराइएको ।<br>• हरेक मंगलबार र शुक्रबार जिल्ला अस्पतालमा गर्भवती जाँच गर्ने गरिएको<br>• सचेतना कार्यक्रमहरु गरिएको ।<br>• गर्भवती जाँच सेवा, अल्वेण्डाजोल वितरण, आइरन चक्की वितरण गर्ने गरिएको । | • कूल गर्भवती महिला मध्ये पहिलो पटक आउने ७२ प्रतिशत देखिन्छन् भने चार पटक जाँच पुरा गर्ने महिलाहरु ५९ प्रतिशत देखिएका छन् ।<br>• १६५९८ जना नयाँ गर्भवती महिलाहरुले आइरन चक्की प्राप्त गरेको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ७६.४ प्रतिशत | • स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टा प्रसुती सेवा उपलब्ध गराइएको ।<br>• आमा समूह गठन तथा परिचालन गरिएको छ । | • ३४ प्रतिशत ।<br>• अघिल्लो वर्ष ७७ प्रतिशत रहेको देखिएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नभएको । | • झाडा पखाला सम्वन्धी रोगीहरु र तीनीहरुको उपचारको विश्लेषण गर्ने गरिएको ।<br>• उपचारका लागि ओ आर एस, जिंक चक्की वितरण गरिएको ।<br>• १८१४ जनालाई जीवन जल वितरण गरिएको । प्राथमिक उपचार | झाडा पखालाबाट बालबालिकाको मृत्यु भएको नदेखिएको । तर प्रतिहजार ६३२ जना झाडापखाला रोगको संक्रमणमा परेको देखिएको । गत वर्ष ५८७ जना रहेको थियो । |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ६७ प्रतिशत | • शिक्षण अस्पताल १, जिल्ला अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र ५, स्वास्थ्य चौकी १७, उपस्वास्थ्य चौकी ३०, नीजि अस्पताल ६, सामुदायिक अस्पताल २, परिवार नियोजन संघ, २, मेरिस्टोप्स १ बाट सेवा उपलब्ध गराइएको ।<br>• खोप क्लिनीक २९७ र गाउँ घर क्लिनिक १७० बाट महिला स्वास्थ्य स्वयंसेविका | • ५८ प्रतिशत जनसंख्याले सेवा लिएको देखिएको । गत वर्ष ६७ प्रतिशत जनसंख्याले सेवा लिएको देखिएको थियो । |

| | | | |
|---|---|---|---|
| | | १००३ जनाबाट स्वास्थ्य सेवा उपलब्ध उपलब्ध गराइएको । | |
| **२ शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | • विद्यालय भर्ना अभियान संचालन | • वालवालिकाको शिक्षामा पहुँच वृद्धि भएको<br>• ३ वटा विद्यालयहरुमा आधा घण्टामा पहुँच नपुग्ने देखिन्छ । धरान उपमहानगर पालिकाका २० र २१ वडाहरुमा । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर (संस्थागत वाहेक) | ३४ प्रतिशत | • वार्षिक रुपमा अभिमुखिककरण गर्ने ।<br>• वाल विकास केन्द्र थप गर्ने र व्यवस्थापन गर्ने कार्य गरिएको ।<br>• नियमित अनुगमन गरिएको । वाल वालिकाको संख्या नभएका विद्यालयहरुलाई सहजीकरण गरिएको । | • ५६.७ प्रतिशत |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | • विद्यालय भर्ना अभियान संचालन ।<br>• सचेतना कार्यक्रम संचालन । | • वालवालिकाहरुको पहुँच ९५.५ प्रतिशत देखिएको हुँदा विद्यालयमा पहुँच नभएका वालवालिकाहरुको संख्या ४.५ प्रतिशत देखिन्छ । |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | • विद्यालय स्वागत कार्यक्रम, भर्ना अभियान<br>• विद्यालय सुधार योजनाको कार्यान्वयन | • हाल खुद भर्नादर ९३ प्रतिशत रहेको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | • दोहोर्‍याउने १३.९३<br>• छाड्ने ११.२९ प्रतिशत<br>उत्तिर्ण ८६.१४ प्रतिशत । | • शिक्षक तालिम<br>• दिवा खाजा कार्यक्रम संचालन, लक्षित विद्यालयहरु ८० वटामा उक्त कार्यक्रम संचालन<br>• तथ्यांकको अद्यावधिकता ।<br>• विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन | • दोहोर्‍याउने ७ प्रतिशत<br>• छाड्ने ..................<br>• उत्तिर्ण ८८.७ प्रतिशत |

| | | | |
|---|---|---|---|
| | | • उदार कक्षा उन्नती, विद्यार्थी निरन्तर मूल्यांकन पद्धतीको अवलम्बन । | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | • यो वर्ष ३०९ जना शिक्षकहरुलाई तालिम उपलब्ध गराइएको । | • १०० प्रतिशत ले तालिम लिएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ११.४८ जना | • यो वर्ष २७ वटा भवन निर्माण क्रमागत समेत र २३ वटा मर्मत | • १०४ वटा कोठा थप भएको ।<br>• हाल जम्मा ३५१७ कक्षा कोठा रहेका । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | सूचना यकिन नभएको । | • जाइकाको सहयोगमा ५० व्लक निर्माण भएका ।<br>• भारत सरकारको सहयोगमा १ भवन निर्माणाधिन रहेको । | • ७ कोठा । |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या र सहयोग | १२ वटा | • विद्यालय मर्मत सहयोग वाल विकास केन्द्र, मदरसा, विद्यालयलाई फर्निचर सहयोग, छात्रावास विद्युतिकरण, साझेदारमा विद्यालय निर्माण । | • विद्यालयको घेराबारा सहयोग भएको ।<br>• वाल विकास केन्द्र निर्माण र सञ्चालन भएका<br>• मदरसामा सहयोग पुगेको |
| दलित बालबालिकाको शिक्षामा पहुँच | २१६०२ जना | • १९४४२ जनाले आधारभूत तहमा विद्यालयमा छात्रवृति लिएका । | • दलित छात्रवृति अन्तर्गत आधारभूत तहमा १९४४२ जना र माध्यमिक तहमा १५४४ जना<br>• पढाइमा निरन्तरता रहेको । |
| **३ खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | स्वच्छपानी पुगेको परिवार संख्या करिव ८८ प्रतिशत | • अत्यावश्यक स्थानहरमा ट्युवेल वितरण गरिएको<br>• ४ वटा मुहानको पानी योजना तथा वाँकी पम्पिंग सिस्टमका १५ योजना पूरा भएका तथा १० वटा क्रमागत आयोजना सञ्चालन गरिएको । | • सामुहिक तथा निजि धाराहरु वितरण गरिएको<br>• ८८ प्रतिशतले पिउने पानी प्राप्त गरेका<br>• नियमित रुपमा खानेपानीको परिक्षण तथा उपचार गरिएको । |

| | | | |
|---|---|---|---|
| | | • खानेपानी मुहान संरक्षण गरिएको । | |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ७१ प्रतिशत ३रपरिवारमा शौचालय सुविधा उपलब्ध भएको । यस वर्ष १३ गाविस र १ वटा नगरपालिका खुल्ला दिसामुक्त भएका ।) | • जिल्लामा जिल्ला सरसफाई समन्वय समितिको गठन भएको । हाल सम्म नियमित वैठकहरु बस्दै गरेको ।<br>• ४९ वटै गाविसका सचिवहरु र सामाजिक परिचालकहरुलाई सरसफाई सम्वन्धी दुइदिने तालिम उपलब्ध गराएको ।<br>• ४९ वटै गाविसहरु तथा ३ वटा नगर पालिकामा गाविस र नगर स्तरीय सरसफाई सम्वन्धी समिति गठन गरि सकेको ।<br>• विपन्न परिवारलाई प्यान सेट वितरण गरेको | • ८६ प्रतिशत ३रपरिवारमा शौचालय सुविधा । (अघिल्लो वर्ष भन्दा १५ प्रतिशत सरसफाई कभरेज बढेको ।)<br>• यो वर्ष ११ वटा गाविस र एक वटा नगरपालिका खुल्ला दिसामुक्त भएका । जम्मा २२ गाविस र दुई वटा नगरपालिका खुल्ला दिसामुक्त भएको ।<br>• पाच वर्षे जिल्ला सरसफाई कार्ययोजना कार्यान्वयन भई रहेको ।<br>• अभियानलाई प्रभावकारी बनाउन साझेदार संस्थाहरुसंग सहकार्य भइरहेको ।<br>• बस्ती, नासके तहमा खुल्ला दिसामुक्त अभियान प्रभावकारी बन्दै गएको ।<br>• राष्ट्रिय सरसफाई सप्ताह मनाउने गरेको । गाविसतथा वस्ति स्तरमा जिल्ला को टोली द्वारा नियमित अनुगमन गरिएको ।<br>• ३५३ वटा विद्यालयमा शौचालयको व्यवस्था भएको । यस वर्ष ३३ वटा छात्रा शौचालय वातावरणीय सुधार सहित ४९ वटा शोचालय थप गरिएको छ । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | प्राय सबै प्राविमा रहेको | • स्थानीय निकाय र विकास साझेदार निकायहरुसंग समन्वय गरी उपलब्ध गराउने प्रयत्न गरिएको । | • कूल सामुदायिक विद्यालय मध्ये अझै सबै विद्यालयहरुमा खानेपानी सुविधा नभएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | सुधारिएको चुलो निर्माण कार्य तिव्र भईरहेको । | • सामाजिक संस्थाहरुले धुवाँरहित गाविस बनाउनका लागि स्थानीय निकायसँग सहकार्य गरिरहेका । | |

| | | | |
|---|---|---|---|
| **४ बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | तथ्यांक अद्यावधिक हुन नसकेको | • वाल विवाह विरुद्ध लैंगिक तथा महिला हिंसासँग जोडेर सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका । | • वालविवाह विरुद्धमा सचेतना बढेको । औपचारिक रुपमा वालविवाह भएको तथ्यांक देखिन नसकेको । |
| सामाजिक बिकृति, विसंगति | तथ्यांकगत रुपमा नदेखिएको । | • दुर्व्यसन विरुद्ध जनचेतना वढाइएको ।<br>• विकृति र विसंगति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको । | • जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि अभियानहरु संचालन भएका । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | ५ गाविस र ३ नगर पालिकामा सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराइएको । | • सबै गाविस तथा नगर पालिका हरुमा अपांगता परिचय पत्र वितरण भएको ।<br>• वार्षिक रुपमा तथ्यांक अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण गाविस अनुसार प्रकाशन गरिएको<br>• सुरक्षा भत्ता उपलब्ध गराउन यथासमयमा निकासा दिइएको ।<br>• भत्ता वितरणको प्रभावकारीताका लागि अनुगमन गरिएको । | • ज्येष्ठ नागरिक भत्ता :जम्मा १७४०६ जनाले प्राप्त गरेको ।<br>• असहाय विधवा भत्ता : १७६३२ जनाले प्राप्त गरेको<br>• अशक्त भत्ता : ६१३ जनाले पाएको ।<br>• दलित ज्येष्ठ नागरिकहरु ३६५७ जनाले भत्ता प्राप्त गरेको ।<br>• लोपोन्मुख १० जना लाइ भत्ता उपलब्ध गराएको ।<br>• जिविसले कूल रु २३०८९७८०० रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको ।<br>• सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको । |
| **५ जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | सूचना नभएको । | • २ नगरपालिकाहरुमा वालश्रम सम्वन्धी सर्वेक्षण भएको । | • बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुनथालेको । |

| | | | |
|---|---|---|---|
| | | • लक्षित क्षेत्रको बजेटबाट वालश्रम विरुद्ध कार्यक्रम संचालन हुने गरेको । | • यद्यपी नगर क्षेत्र (धरान र इटहरीमा मात्र) १५६५ जना वाल श्रमिक देखिएका । |
| बाल क्लवहरूको अवस्था | ४९ गाविसहरुमा बाल क्लब रहेका १७ गाविसमा वाल संरक्षण उपसमिति | • सबै वालक्लवहरु तथा वालसंरक्षण समितिका सदस्यहरुलाई एक एक दिने कार्यक्रममा सहभागी गराईएको ।<br>• जिल्ला वाल रणनीतिकयोजना निर्माण गरिएको छ ।<br>• जिल्ला स्तरीय वाल भेला सम्पन्न गरिएको<br>• वालक्लवहरु थप भएए ।<br>• सबै गाविस तथा नगर पालिकाहरुमा वाल संरक्षण समितिको संरचना क्रियाशिल रहेको ।<br>• वालमैत्री वातावरण निर्माणका लागि सचेतना बढेको ।<br>• वालगृहहरुको अनुगमन भएको । | • हाल ३७८ वटा बालक्लवहरु क्रियाशिल रहेका ।<br>• ८ गाविसहरुमा वालसंरक्षण उपसमिति रहेका<br>• ३६ वटा गाविसहरुमा बालक्लब संजाल रहेका<br>• करीव ३८०० वाल वालिका वाल ब्लवमा आवद्ध रहेका<br>• सबै स्थानिय निकायहरुमा वाल क्लव सञ्जाललाई एकिकृत योजना समितिमा सहभागि गराईएको<br>• रु ३५०००० वाल राहत कोष परिचालनमा रहेको ।<br>• ६ जना वालिका तथा एक वालक गरी १८ जनाले ८४०० रुपैया राहत कोषबाट प्राप्तगरेका छन् |
| महिला हिंशा | ११० वटा महिला हिंसाका घटनाहरु जिल्ला स्तरमा आएको । पारालिगल कमिटीमा दर्ता भई वटा घटना स्थानीय स्तरमा समाधान भएका घटनाहरुको अभिलेख प्राप्त नभएको । | • लैंगिक हिंसा सम्वन्धी घटेका घटनाहरुको विवरण संकलन गर्ने गरिएको । समन्वय समितिको वैठक ३ पटक बसेको ।<br>• ३९० महिलाहरुलाई हिंसा विरुद्ध अनुशिक्षण<br>• महिलाहरुको आन्तरिक संजाल तथा शाखागत समन्वय समिति गठन भै घरेलु तथा महिला हिंसाको क्षेत्रमा स्थानीय स्तरमा परिचालन ।<br>• स्थानीय स्तरमा नै महिला तथा घरेलु हिंसाका घटनाहरु न्यूनीकरणका लागि | • महिला हिंसा सम्वन्धी परेका ५१९ वटा उजुरीहरुमा ३४२ समाधान र १७७ वटा कानुनि कार्वाहीका लागि पठाईएको<br>• महिलासँग काम गर्ने संस्थाहरुसँग मिलेर महिला हिंसा विरुद्धका अभियानहरु संचालन भएको ।<br>• गत वर्ष भन्दा ४०९ वटा वढी घटनाहरु उजागर भएका । |

| | | | |
|---|---|---|---|
| | | मनोसामाजिक परामर्शको शुरुवात । | |
| रोजगारीको अवस्था | रोजगारीको अवस्थाबारे यकिन तथ्यांक नराखिएको । | • भौति पूर्वाधार निर्माण तथा सीप तालिमबाट रोजगारीको सिर्जना भएको छ । | • युवा रोजगारी सिर्जनामा सहयोग पुगेको छ । |
| स्वरोजगारका प्रयासहरू | धेरै निकाय र क्षेत्रबाट कार्यक्रम सञ्चालनमा आएकाले यकिन हुन नसकेको । | • घरेलु तथा साना उद्योग विकास समिति मार्फत आय आर्जन तथा स्वरोजगारको प्रयासका लागि तालिमहरु उपलब्ध गराईएको ।<br>• विपन्न समुदायहरुलाई ५२ थान प्रविधि हस्तान्तरण गरिएको । | • घरेलु तथा साना उद्योग विकास समितिबाट २१७ जनालाइ उद्यमशीलता विकास तालिम प्दान गरिएको<br>• २१४ जना लाई सीप विकास तालिम प्दान गरिएको<br>• प्रविधि हस्तान्तरण तफए ५२ थान विभिन्न मेशिन हस्तान्तरण गरिएको छ । जसमा मैन वत्ति डाइ २४ थान, सिलाइ मेशिन १४ थान, मुर्ति वनाउने रवरको डाइ ९, वुटिक तान २ थान, अर्चा वुटिक २ थान, इम्ब्रोइडरी मेशिन १ थान रहेका छन् ।<br>• जिविसको लक्षित क्षेत्रको कार्यक्रमबाट समेत स्वरोजगार सिर्जना हुने प्रकृतिका तालिमहरु उपलब्ध गराइएको छ ।<br>• जिल्ला कृषि विकास कार्यालय अन्तर्गतको सेवाबाट १७०० युवाहरु तरकारी खेतीबाट रोजगार भएका । |
| गरिवी निवारणका प्रयासहरू | सरोकारवाला निकायहरुसग समन्वय गरि गरिव लक्षित कार्यक्रमहरु संचालन भइरहेको | • सामाजिक परिचालन कार्यक्रम ४९ गाविस र ईनरुवा नगर पालिका,धरान नगर नगरपालिकाका ४ वटा वडाहरुमा संचालित रहेको छ ।<br>• गरिवसँग विश्वेसर कार्यक्रम संचालन | • दैनिक १०५ मेटीक टन दुध विक्रीबाट ५आम्दानी हुने गरेको ।<br>• कुखुराको मासु वार्षिक ९३१४ मे.ट.।<br>• वार्षिक ३११२१००० वटा अण्डा उत्पादन र |

| | | | |
|---|---|---|---|
| | छ । | भएको । <br>• महिला जागृति कार्यक्रम संचालन गरिएको । <br>• पशु विकास कार्यालयहरु मार्फत : <br>• कृत्रिम गर्भाधानबाट नश्ल सुधार गरिएको । <br>• आहाराका लागि घाँसको वीउ वितरण गरिएको । <br>• जिल्ला कृषि विकास कार्यालय अन्तर्गत तरकारीका उन्नत बीउ किट बितरण, तरकारी प्याकेज प्रदर्शन, स्थलगत तालिम संचालन । | विक्रि व्यवसायबाट कारोबार भइरहेको । <br>• ३०००० भन्दा बढी महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको । <br>• काँक्रो खेतीबाट ४८ लाख आम्दानी बढेको <br>• व्यवसायिक तरकारी खेतीबाट १५ सय कृषक लाभान्वित भएका तथा १ करोड ४८ लाख भन्दा वढीको कारोबार भएको । <br>• २५ विगाहमा वेसार खेति प्रबर्द्धन <br>• २० हेक्टर मा माछा पोखरी निर्माण भइ ७० मे.ट. माछा उत्पादन <br>• पशु सेवा कार्यालयबाट सेवा प्राप्त गर्ने समुदायमा १५.३१ प्रतिशत दलित, ३२.४७ पतिशत जनजाति, र ४८.८१ पतिशत अन्य समूदाय लाभान्वित भएका छन् । <br>• गरिवी निवारणका लागि घरेलु तथा साना उद्योग विकास समिति र मेडेप बाट महिला ५६७ र पुरुष ६३ गरी जम्मा ६३० जना उद्यमी लाभान्वित भएका भएका छन् । |
| सामाजिक परिचालन | ४९ गाविसमा संचालन । <br>१०८२ जना नागरिक सचेतना केन्द्रबाट लाभान्वित रहेका । <br>वडा नागरिक मंचमा ७९३८ जना | • ४९ गाविस, १ न.पा पूरै र १ न.पा मा आंशिक सामाजिक परिचालन भइरहेको छ । <br>• नागरिक सचेतना केन्द्रहरु संचालित छन् <br>• वडा नागरिक मञ्चकको गठन र परिचालन भइरहेको छ । | • ४९ गाविसमा ४९ वटा नागरिक सचेतना केन्द्र, गठन भएको । नागरिक सचेतना केन्द्र मार्फत १२७४ विपन्न परिवार लाभान्वित भएका । जसमा दलित ११८५ जना, जनजाति ५५ जना र अन्य ३३ जना सहभागि रहेका । <br>• ४५६ वटा वडा नागरिक मंच मार्फत ११४०० जना जना सहभागी रहेका । |

| | | | |
|---|---|---|---|
| | संलग्न रहेका । | | • जसमा महिला ३२५१ र पुरुष ४६८७ जना रहेका ।<br>• वडा नागरिक मंचले योजना तर्जुमा प्रक्रियामा भूमिका खेलिरहेको छ । |
| वातावरण सुधारका प्रयासहरू | | • वातावरणीय कानून सम्वन्धी तालिम संचालन<br>• विश्व वातावरण दिवस मनाउने कार्य,<br>• वातावरण प्रयोगशाला कोष सहयोग,<br>• बुढी खोला किनारामा बाँस रोप्ने कार्य,<br>• वातावरण मैत्री स्थानीय शासन सम्वन्धी तालिम संचालन,<br>• वायो ग्याँस प्लान्ट निर्माणमा सहयोग,<br>• विद्यालय वातावरण प्रवर्द्धन कार्यक्रमहरु संचालन,<br>• उद्योगहरुलाई प्रदुषण नियन्त्रण सम्वन्धी प्रमाण पत्र प्रदान गरिएको<br>• प्रदुषण नियन्त्रण प्रमाण पत्र (पीसीसी) सम्वन्धमा छलफल कार्यक्रम संचालन | • ८० वटा उद्योगमा पीसीसी सम्वन्धी छलफल कार्यक्रम संचालन भएको । २० वटा उद्योगहरुमा पीसीसी गतिविधिहरु संचालन भएको ।<br>• ४६ गाविसहरु र ४ वटा नगरपालिकाका सरोकारवालाहरुले वातावरणीय कानुन सम्वन्धमा आधारभूत जानकारी प्राप्त गरेका ।<br>• १० घरधुरीहरुमा वायो ग्याँस प्लान्ट निर्माण भएको ।<br>• विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले विद्यालय वातावरण कार्यक्रमबारे जानकारी हासिल गरेका । |
| एच.आई.भि र एड्स | २०७० सालमा १००३ जना देखिएका । | • ६ वटा भी सी टी सेन्टर संचालन<br>• २१ वटा पी एम टी सी टी सेन्टर संचालन<br>• १ वटा आर्ट साइट संचालनमा रहेको<br>• सचेतना कार्यक्रमहरु संचालन गरिएको ।<br>• संक्रमित व्यक्तिहरुले परामर्श सेवा प्राप्त गरिरहेका । | • संक्रमितहरुले सेवा पाइरहेको ।<br>• सेवा विस्तार भइरहेको छ ।<br>• संक्रमितहरुको संख्या पुरुष ६८१ जना, महिला २७५ जना र तेस्रो लिंगीहरु ४७ जना रहेको तथ्यांक अद्यावधिक रहेको छ । |

| | | | |
|---|---|---|---|
| | | • नियमित रगत परिक्षणको सेवा विस्तार भएको ।<br>• परिवारमा आधारीत सहयोग र परामर्श भईरहेको । | |
| विकासमा समान सहभागिता | | • लक्षित समुह समन्वय समिति मार्फत सहभागिता अभिवृद्धिमा जोड दिइएको ।<br>• नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>• लक्षित समूह विकास कार्यक्रमले लक्षित वर्गको पहुँग अभिवृद्धि गर्नका साथै विकासमा समान सहभागिताको अवसर सिर्जना गरेको छ ।<br>• जिविसको कार्यालयले दलित वर्ग समन्वय समिती, महिला समन्वय समिति र आदिवासी तथा जनजाती जिल्ला समन्वय समिति अन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>• लक्षित वर्गको तथ्यांक खण्डीकृत रुपमा राख्ने गरिएको छ । | • समन्वय समितिहरुले बजेट तर्जुमा तथा कार्यान्वयन गर्नु ।<br>• महिला सहभागिता बढेको देखिनु । सामाजिक परिचालन, लक्षित समूह विकास कार्यक्रमले महिला सहभागिता वढाएको छ ।<br>• अपांगता तर्फ २९९ जना महिला र ३४६ पुरुष, ज्येष्ठ नागरिकहरु १५ महिला र २० पुरुष, दलित तर्फ ३२४ महिला र २४५ पुरुष, महिला तर्फ १७१० र ३२३ पुरुष, ३४७ महिला र ३५१ पुरुष गरी जम्मा २६९५ महिला र १२८५ पुरुष गरी जम्मा ३९८० जना लाभान्वित भएको देखिन्छ ।<br>• उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता ।<br>• लक्षित समूह विकास कार्यक्रमहरुमा महिला सहभागिताको प्रतिशत उच्च पाईएको ।<br>• सामाजिक परिचालन अन्तर्गत नागरिक सचेतना केन्द्रका १२७४ सहभागीमध्ये २४५ पुरुष र १०२९ महिला र वडा नागरिक मञ्चमा महिला ३२५१ र पुरुष ४६८७ जना रहेका । |
| **६ सेवाहरूमा पहुँच** | | | |

| | | | |
|---|---|---|---|
| स्थानीय वजार पुग्न लाग्ने समय | ३० मिनट सम्म | ● सडक विस्तारका लागि लगानी भएको ।<br>● हिउँद महिनामा हरेक गाविस भवन सम्म यातायात सुविधा भएको छ भने वर्षादमा पुगेको छैन ।<br>● जिविसले विद्यमान ग्रामिण सडकहरुलाई बाह्रै महिना संचालन हुन सक्ने बनाउन जोड दिएको छ । जस अन्तर्गत यो वर्ष १८.७२ कि.मि सडक मर्मत भएको छ । | ● स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | ३० मिनट देखि ४५ मिनट सम्म साईकलमा | ● सेवाकेन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कर्मचारीहरुको सेवालाई निरन्तरता दिइएको । | ● कृषि सेवाकेन्द्रहरुको संख्या ४ वटामात्र रहेकोछ ।<br>● प्रति सेवा केन्द्र सेवा पुग्नु पर्ने क्षेत्र १२ गाविस तथा १ नगरपालिका रहेको देखिन्छ<br>● यसकारण जिल्लाका ४९ वटा गाविस मध्ये ३७ वटा गाविसमा कृषि सेवा सहज नरहेको देखिन्छ ।<br>● कृषि प्राविधिक अनुपात सुनसरी जिल्लामा १: १७६४७ कृषकहरु रहेका छन् । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | १०० भन्दा वढी व्यक्तिहरू लाभान्वित भएका ।<br>३ वटा समन्वय समिति क्रियाशिल रहेका । | ● जिविसको कार्यालयले लक्षित वर्गको सेवा तथा सुविधा बढाउनकका लागि जम्मा बजेट : रु. २११२३२९४<br>● आदिवासी जनजाती विकास कार्यक्रम तर्फ रु २५६६१९५ विनियोजन गरेको ।<br>● दलित वर्ग उत्थान तर्फ : २१३८४९६ हजार विनियोजन गरेकको ।<br>● महिला लक्षित तर्फ ६२८४६५६ | ● जम्मा खर्च : ७४१८०९५ सामाजिक विकासको क्षेत्रमा खर्च भएको देखिन्छ ।<br>● सम्पन्न योजना : ९६ वटा योजनाहरु सम्पन्न भएका<br>● (दलित वर्ग उत्थान १६ वटा, आदिवासी जनजाती १७, अपांग सहयोग ११ वटा, महिला विकास कार्यक्रम ३९ वटा, ज्येष्ठ नागरिक १,तेस्रो लिंगि ४,युवा विकास २ वटा |

| | | | |
|---|---|---|---|
| | | विनियोजन<br>● वालवालिकाका ६२८४६५६ लागि विनियोजन भएको ।<br>● मधेशी मुश्लीम तथा पीछडा वर्गका लागि रु. १२८३०९७ विनियोजन भएको ।<br>● अपांगता उत्थानका लागि रु. ११९७५५७ विनियोजन ।<br>● ज्येष्ठ नागरिकका लागि ४२७६९९ विनियोजन ।<br>● तेस्रो लिंगी, समलिंगीका लागि रु. ५१३२३९ विनियोजन<br>● | र वाल विकास कार्यक्रम ११ ,पिछडा वर्ग ११ वटा) जम्मा लाभान्वित समुदाय .... जना ।<br>● कार्यक्रमबाट अपांगता तर्फ २९९ जना महिला र ३४६ पुरुष, ज्येष्ठ नागरिकहरु १५ महिला र २० पुरुष, दलित तर्फ ३२४ महिला र २४५ पुरुष, महिला तर्फ १७१० र ३२३ पुरुष, ३४७ महिला र ३५१ पुरुष गरी जम्मा २६९५ महिला र १२८५ पुरुष गरी जम्मा ३९८० जना लाभान्वित भएको देखिन्छ ।<br>● आदिवासी जनजाती जिल्ला समन्वय समितिको १ वटा मात्र वैठक सम्पन्न । ( योजना छनौटका लागि)<br>● दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको १ वटा वैठक सम्पन । (बजेट विनियोजन, समवेदना लगायत ।)<br>● अपांग समन्वय समितिको गठन चैत्र ४ गते । वैठक १ वटा सम्पन्न ।<br>● महिला समन्वय समितिको ५ वटा वैठक सम्पन्न ।<br>● जिविस परिषदले महिला, वालबालिका सम्वन्धी नीति, आदिवासी, जनजाती, दलित, मुस्लीम, मधेशी, पीछडा वर्ग सम्वन्धी आर्थीक, सामाजिक, विकास सम्वन्धी नीतिहरु पारित गरेको छ ।<br>● आदिबासी तथा जनजाती सम्वन्धी जिविसको कार्यालयले १६७६७७० रकम खर्च गरेको छ । जसबाट |

| | | | |
|---|---|---|---|
| | | | • जिल्लामा रहेका १४ वटा एकल जातीय समूहहरुलाई रु. १५००० का दरले सांस्कृतिक चाड पर्व सहयोग भेषभुषा खरिदका लागि रु. ५५५५ का दरले र संस्थागत विकासका लागि रु. ६००० का दरले सहयोग गरेको छ।<br>• १९१ जनालाई लोकसेवा तयारी कक्षा, उच्च शिक्षा अध्ययन गर्ने ३६ जनालाई जम्मा १ लाख छात्रवृति प्रदान गरिएको छ।<br>• ४० परिवारलाई २ लाख रकमका बंगुर वितरण गरिएको छ।<br>• च्याउ खेती तालिम ९० जनालाई प्रदान गरिएको छ।<br>• मल उत्पादन तथा प्रांगारिक तरकारी खेती तालिम ८० जनालाई उपलब्ध गराइएको छ।<br>• आल्मुनीयम फेब्रीकेशन तालिम ९० जनालाई उपलब्ध गराएको देखिन्छ।<br>• ३८ जनालाई परियोजना प्रस्ताव लेखन तालिम उपलब्ध गराइएको छ।<br>• ९५ जनालाई आइएलओ अभिमुखिकरण तालिम उपलब्ध गराइएको छ।<br>• उद्घोषण तालिम ३८ जनालाई उपलब्ध गराइएको छ।<br>• दलित उत्थानका लागि जिविसको कार्यालयले ११२६ हजार बजेट खर्च गरेको छ।<br>• जसमध्ये<br>• ४७ परिवारले बाखा प्राप्त गरेका छन्। |

| | | | |
|---|---|---|---|
| | | | • ४१ जनाले छात्रवृति प्राप्त गरेका छन् । <br>• ३५ जना डोम समुदाय र ३५ अन्य गरी जम्मा ७० जनाले मुढा बनाउने तालिम प्राप्त गरेका छन् । <br>• राम नगर भुटाहामा १५ जनाले मोटरसाइकल मर्मत तालिम प्राप्त गरेका छन् । <br>• अपांगता भएकाहरुका लागि ५९८ हजार बजेट खर्च भएको देखिन्छ । <br>• अपांगता भएकाहरु २५ जनालाई सामग्री वितरण गरिएको छ । <br>• ४३ जनाले सजावट बनाउने तालिम पाएका छन् । <br>• २६७ जना स्वास्थ्य शीविरबाट लाभान्वित भएका छन् । <br>• ९३ जना अपांगता सम्वन्धी अभिमुखिकरणबाट लाभान्वित भएका छन् । <br>• ज्येष्ठ नागरिकहरुका लागि जम्मा २०७६६९ रकम खर्च भएको छ । जसबाट ३५ जना ज्येष्ठ नागरिकहरु सम्मानित भएका र एक वटा वृद्धाश्रमलाई संस्थागत विसका सहयोग भएको छ । <br>• महिला विकास कार्यक्रम अन्तर्गत बेमौसमी तरकारी तालिम ४ वटा सम्पन्न भएको छ । जसबाट १३३ जना लाभान्वित भएका छन् । <br>• सीप विकास तालिम (सिन्के चाउ चाउ, गुन्द्री बनाउने तालिम, सिलाई कटाई, बुटीक तालिम, च्याउ खेती,) ७ वटाबाट १४४ जना |

| | | | |
|---|---|---|---|
| | | | लाभान्वित भएका छन् ।<br>● २५ वटा कार्यक्रमहरु नेतृत्व विकास, संस्थागत क्षमता विकास तथा सचेतनामूलक गतिविधिहरु सम्पन्न भएका छन् ।<br>● बालबालिकाका लागि ११ वटा योजनामा जम्मा ११५७६५६ खर्च भएको देखिन्छ ।<br>● बालबालिकाका लागि समग्र रकम सामाजिक क्षमता विकासमा खर्च भएको छ ।<br>● यस कार्यक्रमबाट १९० बालिका र १८१ बालकहरु गरी जम्मा ३७१ जना लाभान्वित भएका देखिन्छन् । |
| **७ संस्थागत क्षमता** | | | |
| जनशक्ति | ५५ जना जनशक्ति । ( महिला ११ जना, दलित १ महिला, जनजाती १ महिला, मधेशी २ (१ महिला, ) मानव संशाधन तथा क्षमता विकास अन्तर्गत ७ लाख खर्च भएको । | ● १ जना उर्जा तथा वातावरण अधिकृत<br>● कार्यालय सहयोगी १ जना महिला थप<br>● जिल्ला विकास समितिमा ३९ जना जनशक्ति रहेको । (महिला ४ जना, दलित समुदायबाट ३ जना, जनजाती समदायबाट १५ जना र अन्य)<br>● ४ वटा विषयगत समिति, (दलित, अपांगता, महिला, जनजाती, समावेशी समिति, ) वटा समिति ।<br>● बाह्य परामर्शदाताहरु समेतको उपयोग हुने गरेको ।<br>● गाविस स्तरमा ६ जना प्राविधिक तीन वटा लक्षित समूह समितिहरु रहेका । | ● १ जना महिला कर्मचारी थप भएको ।<br>● जनशक्ति विकास अन्तर्गत कर्मचारी तथा पदाधिकारीहरु, समेतलाई तालिम अध्ययन अवलोकन भ्रमणको आयोजना गरिएको ।<br>● जिल्ला सुशासन विज्ञ एकजना र सूचना प्रविधि विज्ञ एक जनाबाट सेवा प्रवाह भइरहेको छ । |

| | | | |
|---|---|---|---|
| | | • मानव संशाधन तथा क्षमता विकासका लागि ११ लाख ४३ हजार रुपयाँ खर्च गरिएकोछ । | |
| नीति तथा कार्यक्रम | | • आवधिक जिल्ला विकास योजना निर्माण गर्न शुरु गरिएको छ ।<br>• जेसि पोलिसीको निरन्तरता<br>• १ वटा जिल्ला परिषद सम्पन्न भएको ।<br>• चौमासिक ३, अर्धवार्षिक १, वार्षिक १ वटा समिक्षा वैठक सम्पन्न गरिएकोछ ।<br>• जिविसको कार्यालयले सुशासन नीति, मानव संशाधन विकास नीति, भौतिक पूर्वाधार विकास नीति, खानेपानी तथा सरसफाई सम्वन्धी नीती, वन तथा वातावरण नीति, कृषि तथा पशु विकास नीति, पर्यटन विकास नीति, शैक्षिक विकास नीति, महिला तथा वालवालिका सम्वन्धी नीति, आदिबासी, जनजाती, दलित, मधेशी, मुश्लिम, पीछडा वर्ग उत्थान नीति, साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं प्रवर्द्धन सम्वन्धी नीति, जनसंख्या व्यवस्थापन नीति, सामाजिक सुरक्षा कार्यक्रम नीति, सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन नीति, आन्तरिक स्रोत पहिचान तथा व्यवस्थापन नीति, लघु घरेलु तथा साना उद्योग तथा रोजगार | • न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा सफल ।<br>• ज्येष्ठ नागरिकहरुलाई वैंक खाता मार्फत ६ गाविस र ३ नपामा जम्मा गरिएको ।<br>• जिविससँग सहकार्य गर्नका लागि जिविस गैसस साझेदारी नीतिको निर्माण भएको छ ।<br>• जिविसले परिषद मार्फत विभिन्न १९ वटा क्षेत्रहरुको विकास नीतिहरु निर्माण गरेको छ ।<br>• जिल्ला विपद् व्यवस्थापन योजनालाई कार्यान्वयन गर्न शुरुवात गरिएको छ ।<br>• सहकारिताको माध्यमबाट आर्थीक तथा सामाजिक विकासमा जोड दिने नीति पारित गरिएको छ ।<br>• वार्षीक खरिद गुरु योजना पारित गरिएको छ ।<br>• क्षमता विकास योजनालाई अद्यावधिक गर्ने नीति पारित गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | | प्रवर्द्धन नीति, हरु पारित गरेको छ । | |
| भौतिक व्यवस्था | ३ वटा भवन रहेको । | • नयाँ भवन निर्माण गरिरहेको ।<br>• २ वटा ल्यापटप र २ वटा डेस्कटप खरिद गरिएको । (योजना तथा प्रशासन, सामाजिक विकास र योजना तथा प्रशासन ।) | • जिविस सँग ३८ वटा कोठा भएका भवन २ वटा ।<br>• सभाहल १ वटा ।<br>• माटो परीक्षणशाला<br>• २५ वटा डेस्कटप, ल्यापटप १५ फोटोकपी मेसिन १, प्रीन्टर, १५, मल्टिमिडिया प्रोजेक्टर १, फ्याक्स १ वटा टेलीफोन लाईन १० वटा, स्क्यानर ३, एडिएस एल इन्टरनेट, इमेल ।<br>• २ वटा गाडी, १५ मोटरसाइकल<br>• योजना, प्रशासन, वैकल्पिक उर्जा, वातावरण, सामाजिकविकास, सूचना, लेखा, आलेप) |
| समन्वय र सहकार्यका प्रयासहरू | | • वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र सीम एन आयोजना सँग सहकार्य । (२ जना जनशक्तिमा आंशिक सहयोग ।)<br>• विभिन्न साझेदार संस्थाहरुसँग समन्वय<br>• ४ वटा लक्षित समन्वय समिति<br>• ७ वटा समन्वय समिति (शिक्षा, खानेपानी, स्वास्थ्य, वन तथा वातावरण, घरेलु तथा साना उद्योग विकास समितिु, कृषि विकास कार्यालय र पशु विकास कार्यालय लगायत) | • पाँच वटा विषयगत समिति मार्फत विभिन्न विकास निकाय र गैससहरुसँग समन्वय र सहकार्य भइरहेको छ ।<br>• महिला, दलित, अपांगता, जनजाती तथा आदिवासी विकास समन्वय समितिहरु क्रियाशिल रहेका छन् ।<br>• जिविसले इच वान, टिच वान नीति अन्तर्गत साक्षरता प्रवर्द्धनका लागि जिशिका र गैससहरुसँग समन्वय गरि कार्यक्रम कार्यान्वय गरिएको छ । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | • कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय र जिल्ला वन कार्यालयसँगको साझेदारीमा विभिन्न गतिविधि संचालन गरिएको । | • जिविसले विभिन्न सामाजिक सम्पादनका क्षेत्रहरुमा आफ्नो समन्वयात्मक भूमिका प्रदान गरिरहेको छ ।<br>• गत वर्ष सामाजिक परीक्षण सम्पन्न |

| | | | |
|---|---|---|---|
| | | • (गैसस तथा साझेदार निकायहरुमा ( अनौपचारिक शिक्षा, जिल्ला वाल कल्याण समिति, जिल्ला खेलकुद समिति, अपांग जिल्ला समन्वय समिति)<br>• नेपाल रेडक्रस सोसाइटी,<br>• जिल्ला दैवी प्रकोप उद्धार समिति<br>• रेडियो कार्यक्रम संचालन संचालन गरेको छ । | गरेकको छ ।<br>• लैंगिक तथा सामाजिक समावेशी बजेट परीक्षण सम्पन्न गराएको छ ।<br>• २ वटा गाविसहरुको सामाजिक परीक्षण गराएको छ ।<br>• जिविसका गतिविधिहरु सार्वजनिक गर्नका लागि साप्ताहिक रुपमा सप्तकोशी र पपुलर एफ एम बाट जिविस विकास गतिविधिहरु संचालन गरिरहेको छ ।<br>• प्रकोप जोखिम न्यूनीकरण योजना अद्यावधिक गरेको छ ।<br>• जिविसको कार्यालयले उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरु, कर्मचारीहरु, जिविस कर्मचारी र गाविस सचिवहरु, संचारकर्मीलाई पुरस्कृत गरेको छ । |

## ६.६. गत वर्षमा भोगेका समस्याहरू

अघिल्लो वर्षमा जिल्लाका विषयगत कार्यालयहरुले निम्न अनुसारका समस्याहरु महसुस गरेको छन् ।

- कार्यक्रमहरुमा लक्ष्य अनुसार सामुदायिक संस्थाहरुमा गरिब तथा विपन्न समुदायलाई समेट्न नसकेको ।
- कार्यक्रमको कार्यान्वयनको अनुगमन प्रभावकारी बनाउन नसकिएको ।
- शिक्षा क्षेत्रमा औषत तहगत, कक्षागत र विषयगत सिकाइ उपलब्धि बृद्धि गर्ने क्रममा यथेष्ट उपलब्धी हासिल गर्न कठिनाई भएको ।
- कार्यालयहरुमा बेरुजु फर्छ्यौट गरी बेरुजु न्यूनीकरण गर्ने ।
- सुनसरी जिल्लालाई राष्ट्रिय अभियान अन्तर्गतका पूर्ण साक्षर, आधारभूत र निःशुल्क शिक्षा सुनिश्चित भएको जिल्ला, पूर्ण खोप सुनिश्चित भएको जिल्ला, खुल्ला दिसामुक्त जिल्ला जस्ता घोषणा गर्नका लागि ढिलाई भइरहेको ।
- बजेट सिलिंग तथा मार्गदर्शनहरु समयमा नआएको र प्राप्त बजेट प्रस्ताव भएको तुलनामा कम बजेट भएको ।
- यातायातको साधनको अभाव तथा जनशक्तिको कमी भएकोहुँदा अनुगमन प्रकृयालाई निरन्तरता दिन कठिनाइरहेको
- जिविसको आन्तरिक श्रोतहरुमा कमी हुँदै गएको
- उपभोक्ता समिति भित्र आपसी विवादका कारण समयमा काम सम्पन्न गर्न कठिनाइ ।
- समय सापेक्ष कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न नसकिएको ।
- बढुवा समायोजन भई पदस्थापना हुनु भएका कर्मचारीलाई मौजुदा श्रोत साधनबाट आधारभूत सुविधा उपलब्ध गराउन कठिनाई ।
- सेवाकेन्द्रहरुमा पर्याप्त स्रोत साधनको अभाव ।

## ६.७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव :

उपरोक्त समस्याहरु समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएकोछ ।

- सुनसरी जिल्लालाई राष्ट्रिय अभियान अन्तर्गतका पूर्ण साक्षर, आधारभूत र निःशुल्क शिक्षा सुनिश्चित भएको जिल्ला, पूर्ण खोप सुनिश्चित भएको जिल्ला, खुल्ला दिसामुक्त जिल्ला जस्ता घोषणा गर्नका लागि संयुक्त प्रयास गरिनुपर्ने ।
- शिक्षा क्षेत्रको औषत तहगत, कक्षागत र विषयगत सिकाइ उपलब्धि बृद्धि गर्ने ।
- कार्यक्रमिक, शैक्षिक अनुगमनलाई सुदृढ गरी शिक्षक, विद्यार्थी नियमितता र विद्यालय व्यवस्थापन, सञ्चालनमा सुधार गर्ने ।
- बेरुजू फर्छ्यौट गरी बेरुजु न्यूनीकरण गर्ने ।
- एस.एल.सी.को नतिजामा सुधारकालागि उच्चतम र न्यूनतम नतिजा ल्याउने विद्यालयहरुवीच सहकार्य गराउने ।
- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना सुनिश्चित गर्ने तथा प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना सुनिश्चित गर्ने ।
- गाविसमा संचालन गरिने कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यान्वयन गर्ने गैसस तथा सामुदायिक संस्थाहरुमा एकरुपता ल्याउन आवश्यक समन्वय तथा अभिमुखिकरण गर्नुपर्ने ।
- योजना कार्यान्वयन गर्ने संघ संस्था तथा उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकासलाई निरन्तरता दिनु पर्ने ।
- महिला विरुद्धको हिंसाको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन, कोष स्थापना तथा पर्चा सामाग्रीहरुको वितरणले प्रभावकारी रुपमा सूचना प्राप्त गर्न सकिने र लैङ्गिक हिंसा प्रभावितहरुका लागी संस्थागत रुपमा सम्बोधन गर्नु पर्ने ।
- आवश्यकता तथा स्रोतको आधारमा योजना माग हुने गरि योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न योजना तर्जुमा सहजीकरण गर्ने टिमलाई अभिमुखिकरण गर्ने ।
- स्थानीय निकायका परिषदले निर्णय र सिफरीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।
- आन्तरिक स्रोतमा बढोत्तरी गर्न आवश्यक अध्ययन, परामर्श गरी निर्णय गरिनुपर्ने ।
- कर्मचारी तथा उपभोक्ता समितिहरुको समय सापेक्ष क्षमता विकास गराउने ।
- मन्त्रालयबाट समयमा नै मार्गदर्शन तथा बजेट सिलिंगहरु प्राप्त हुनुपर्ने ।
- अनुगमन प्रक्रियालाई अझ व्यवस्थित गर्ने ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
- सेवा केन्द्रहरुको क्षमता विकास र जनशक्ति थप गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम : विदुर सुवेदी दस्तखत : 

मितिः २०७१ कार्तिक २९ गते ।

## ७ विषयगत कार्यालयहरुको विवरण[2]

यस परिच्छेदमा विषयगत कार्यालयहरुको विवरण उल्लेख गरिएको छ । जसमा जिल्ला विकास सहित ८ वटा कार्यालयहरु र ३ वटा गैरसरकारी संस्थाहरुको विवरण उल्लेख गरिएकोछ ।

### ७.१ जिल्ला शिक्षा कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** जिल्ला शिक्षा कार्यालय, सुनसरी

**२. लक्ष्य**

क. शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँच वृद्धि गर्नु ।
ख. शिक्षाको गुणस्तर सुधार गर्नु ।
ग. समावेशीकरण र समाहितताामा वृद्धि ।
घ. शैक्षिक विकासका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

**३. मूख्य उद्देश्य**

क. पहुँचका लागि छात्रवृतिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु ।
ख. गुणस्तर सुधारका लागि शैक्षिक सामग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु
ग. क्षमता अभिवृद्धिका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ लगायतलाई विषयगत तालिम प्रदान गर्ने ।
घ. समावेशी तथा समाहितताका लागि अपांगता भएका विद्यार्थीलाई छात्रवृति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| साक्षर नेपाल कार्यक्रम | ४१००० जना | ४३०८० जना | लक्ष भन्दा वढी उपलब्धि देखिएकको । |
| आधारभूत छात्रवृति | २१६०२ दलित<br>४४११५ छात्रा | १९४२२ दलित<br>३२६९० छात्रा | दलित छात्रवृतिको लक्ष केही वढी लिइएको । |
| छात्रवृति माध्यमिक | ११४६ जना<br>१५५४ दलित<br>४५ अपांग | ११४६ जना<br>१५५४ दलित<br>४५ अपांग | |
| द्वन्द्वपीडित छात्रवृति | १०५ जना | १०५ जना | |
| लोपोन्मुख तथा अति समिान्तकृत | १०४६<br>समिानतकृत<br>९८७ जना | १०४६ | |

2 बुदा १०.३ सँग सम्वन्धित अनुसूची- ३) सँग सम्वन्धित

| | | | |
|---|---|---|---|
| | लोपान्मुख तथा अति समिानतकृत | ९८७ जना | |
| भवन निर्माण | वटा | २७वटा | १० वटा क्रमागत तथा २ कोठे २ वटा समेत समेत |
| विद्यालय भवन मर्मत | वटा | २३ वटा | ५ वटा भूकम्पिय सुरक्षा कार्यक्रम |
| पुनर्स्थापना तथा फर्निचर व्यवस्थापन | ४९ वटा विद्यालय | ४९ विद्यालय | |
| जाइका सहयोगमा व्लक निर्माण | ५० वटा | ५० वटा | |
| वातावरणीय सुधार खानेपानी सहित शौचालय निर्माण | ४९ वटा | ४९ वटा | |
| शिक्षक तालिम | आधाभूत ५४२ माध्यमिक ४७९ जनालाई लेखा तालिम | आधाभूत ३०९ माध्यमिकक ४७९ जनालाई लेखा तालिम | |
| शौचालय निर्माण | ३५ वटा छात्रा | ३५ वटा छात्रा | २ वटा छात्र ३३ वटा छात्रा शौचालय |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

- क. पत्रकारहरुसँग चौमासिक अन्तरक्रिया, फ्लेक्स मार्फत सूचना प्रकाशन, नोटिस वोर्डको प्रयोग गरिएको छ ।
- ख. शैक्षिक मार्ग निर्देशिका पुस्तिका प्रकाशन गरी विद्यालयलाई वितरण गरिएको छ ।
- ग. स्थानीय एफ.एम. र पत्रपत्रिकाहरुबाट शैक्षिक सूचनाहरु प्रशारण गरिने गरिएको छ
- घ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, शिशु विकास कार्यक्रम महिला साक्षरता कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएकोछ ।
- ङ शिक्षक दरवन्दी मिलान, गरिएको ।
- च सरोकारवालाहरुलाई वार्षिक कार्यक्रमको प्रवोधिकरण गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| पहुँच अभिवृद्धि (समाहित तथा समावेशीकरणका लागि भएका कामहरु) | • अपांगता भएका ४५ जनालाई छात्रवृति प्रदान ।<br>• दलित छात्रवृति अन्तर्गत आधारभूत तहमा १९४२ जना र माध्यमिक तहमा १५४४ जना |

| | |
|---|---|
| | • सिमान्तकृत समुदाय अन्तर्गत आधारभूत तहमा १०४२ जना र माध्यमिक तहमा ९८७ जना ।<br>• छात्रा छात्रवृति अन्तर्गत ३२६९०जनालाई छात्रवृति प्रदान ।<br>• १२२८२८ जनाका लागि पाठ्यपुस्तक निकासा भएको । |
| गुणस्तर सुधार | • २७ वटा विद्यालय भवन निर्माण जाइकाको सहयोगमा ५० वटा ब्लक निर्माण, २३ वटा विद्यालय मरम्मत, र ४९ वटामा फर्निचर वटामा सहयोग उपलब्ध गराइएको । |
| साक्षरता अभिवृद्धि | • जिल्लाको १५ देखि माथिको कुल जनसंख्या ५७५१०९ मध्ये १५ वर्ष देखि ६० वर्ष उमेर समूहसम्मको साक्षरता प्रतिशत ७३ रहेको । |
| शौचालय भएका विद्यालय | • ३५३ वटा विद्यालयमा शौचालयको व्यवस्था भएको । यस वर्ष ३३ वटा छात्रा शौचालय वातावरणीय सुधार सहित ४९ वटा शोचालय थप गरिएको छ । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क) अनुगमन बढाउन नसकिएको । औषत तहगत, कक्षागत र विषयगत सिकाइ उपलब्धि बृद्धि गर्ने ।
ख) बेरुजू फर्छौट गरी बेरुजु न्यूनीकरण गर्ने ।
ग) साक्षर जिल्ला घोषणाका लागि ढिलाई

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क) औषत तहगत, कक्षागत र विषयगत सिकाइ उपलब्धि बृद्धि गर्ने ।
ख) अनुगमनलाई सुदृढ गरी शिक्षक, विद्यार्थी नियमितता र विद्यालय व्यवस्थापन, सुसञ्चालनमा सुधार गर्ने ।
ग) बेरुजू फर्छौट गरी बेरुजु न्यूनीकरण गर्ने ।
घ) निरक्षरता घटाई साक्षर जिल्ला घोषणाका लागि कार्य प्रक्रिया अघि बढाउने ।
ङ) एस.एल.सी.को नतिजामा सुधारकालागि उच्चतम र न्यूनतम नतिजा ल्याउने विद्यालयहरुवीच सहकार्य गराउने ।
च) विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना सुनिश्चित गर्ने तथा प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना सुनिश्चित गर्ने ।

## ७.२ महिला तथा वालवालिका कार्यालय

**१. विषयगत कार्यालय :** महिला तथा वालवालिका कार्यालय

**२. लक्ष्य**

आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक रुपमा पिछडिएका र अवसरबाट वञ्चित रहेका विपन्न महिलाहरुको विकासका लागि चरणवद्धरुपमा चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालन गर्दै स्थानिय स्तरमा महिलाहरुको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरुको विकास तथा प्रवर्द्धन गर्ने र त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने ।

**३. मूख्य उद्देश्य**

क. महिला सशक्तिकरण गरी लैंगिक मूलप्रवाहिकरण गर्ने, गराउने ।
ख. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।
ग. श्रोत साधन र रोजगारका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने ।
घ. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।
ङ. महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र गैह्रसरकारी संस्थाहरुको समन्वयकर्ता, सम्पर्क सुत्र र सहजकर्ताको भूमिका निर्वाह गर्न सम्पर्क निकाय भइ कार्य गर्ने
च. वालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| महिला समिति अन्तर्गत व्यवसायिक समूह विकास | | १८२ वटा | |
| लैंगिक हिंसा निवारण | सूचना संकलन गर्ने । | समन्वय समितिको वैठक ३ पटक वसेको छ<br>घटना विवरण अद्यावधिक भएको । | |
| वालअधिकारको सम्वर्धन | वालअधिकारको संरक्षण गर्ने ।<br>वकालत गर्ने<br>भएको प्रयासहरुको अनुगमन मूल्यांकन गर्ने ।<br>सचेतना बढाउने । | वालक्लवबाट थप भई ३७८ वटा पुगेका ।<br>सबै गाविस तथा नगर पालिकाहरुमा वाल संरक्षण समितिको संरचना क्रियाशिल रहेको ।<br>वालमैत्री वातावरण निर्माणका लागि सचेतना बढेको ।<br>वालगृहहरुको अनुगमन भएको । | |
| मूल प्रवाहिकरण सम्पर्क निकाय सेवा | ३ वटा वैठक तथा अन्तरक्रिया | ३ पटक वैठक सम्पन्न । | |
| सूचना शिक्षा र संचार | महिला संस्थाको तुलनात्मक विवरणीका प्रकाशन | १ वटा विवरणीका प्रकाशन भएको ।<br>विभिन्न अन्तराष्टिय राष्टिय दिवस समारोह मनाईएको | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. जनचेतनामूलक कार्यक्रम
ख. सीप विकास तालिम
ग. चालुकोष वितरण तथा अनुगमन र मूल्यांकन ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| महिला सशक्तिकरण | • ५३० जना महिला संस्था, समितिका सदस्यहरुलाई समविकास तथा सीप विकास तालिम र अनुशिक्षणबाट सशक्तिकरण गरिएको<br>• आधारभूत तालिम १५० जना<br>• महिलाहरुको आय अभिवृद्धिका लागि विभिन्न समिति तथा समूहहरु गठन गरि महिला परिचालन भएको । |
| महिला हिंसा न्यूनीकरण | • महिलासँग काम गर्ने संस्थाहरुसँग मिलेर महिला हिंसा विरुद्धका अभियानहरु संचालन भएको । |
| वालवालिका सम्वन्धी कार्यहरु | • १८ जना वालवालिकाहरुलाई ८४ हजार सहयोग भएको ।<br>• वालअधिकारको संरक्षण र प्रवर्द्धन  तालिम संचालनगरिएको । |
| वालक्लवहरुको अवस्था | • जिल्लामा ३७८ वाल क्लवहरु रहेका<br>• ४६ गाविसहरु र ३ नपामा वाल क्लव निर्माण भएका र ४६ वटा गाविस वालक्लव सञ्जाल ३ नगर तथा १ वटा जिल्ला संजालको गठन तथा परिचालन भइरहेको ।<br>• २२ वटा वालसंरक्षण उपसमितिहरुबाट सहजीकरण गरिएको भइरहेको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

क. लक्ष्य अनुसार सामुदायिक संस्थामा ड्यागलाई समेट्न नसकेको ।
ख. बजेट समयमा नआएको र कम बजेट भएको ।
ग. पर्याप्त तालिमको व्यवस्था हुन नसकेको ।
घ. यातायातको साधनको अभाव तथा जनशक्तिको कमी भएकोहुँदा अनुगमन प्रकृयालाई निरन्तरता दिन कठिनाइरहेको

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. गाविसमा संचालन गरिने कार्यक्रमलाई संस्थाहरु मार्फत जाँदा वढी प्रभावकारी र श्रोतको बचत हुने ।
ख. महिला सहकारी संस्थाका सदस्यहरुको क्षमता विकासलाई निरन्तरता दिनु पर्ने ।
ग. महिला विरुद्धको हिंसाको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन, कोष स्थापना तथा पर्चा सामाग्रीहरुको वितरणले प्रभावकारी रुपमा सूचना प्राप्त गर्न सकिने र लैङ्गिक हिंसा प्रभावितहरुका लागी तुरुन्त संस्थागत रुपमा सम्बोधन गर्न सकिने ।

## ७.३ जिल्ला विकास समितिको कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** जिल्ला विकास समितिको कार्यालय

**२. लक्ष्य**

ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउन सहयोग पुऱ्याउनु ।

**३. मूख्य उद्देश्य**

क. सहभागितात्मक योजना तर्जुमा र दिगो विकास गर्नु ।
ख. दिगो कृषि प्रणाली स्थापित गर्नु ।
ग. लैंगिक समानता र सामाजिक समावेशीकरण गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नु ।
घ. स्थानीय निकायको संस्थागत विकास गर्नु ।
ङ. सामाजिक तथा समावेशी विकास नीति अवलम्बन गरी सहभागीतामूलक अनुगमन तथा मूल्यांकन प्रकृयालाई संस्थागत गर्नु ।
च. ग्रामिण पूर्वाधारको स्तरोन्नती गर्नु ।
छ. सुशासन प्रवर्द्धन गर्नु ।
ज. विकास साझेदारहरु, विषयगत कार्यालयहरु, गैससहरु तथा विभिन्न निकायहरुवीच समन्वय गर्नु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| लक्षित समुदाय विकास कार्यक्रम | जम्मा बजेट : रु. २११२३२९४<br>योजना : ९६ वटा<br>आदिवासी जनजाती विकास कार्यक्रम तर्फ रु २५६६१९५ विनियोजन गरेको ।<br>दलित वर्ग उत्थान तर्फ : २१३८४९६ हजार विनियोजन गरेकको ।<br>महिला लक्षित तर्फ ६२८४६५६ विनियोजन वालवालिकाका ६२८४६५६लागि विनियोजन भएको । | जम्मा खर्च : २११२३२९५<br>सम्पन्न योजना : ९६ वटा<br>(दलित वर्ग उत्थान १६ वटा, आदिवासी जनजाती १७, अपांग सहयोग ११ वटा, महिला विकास कार्यक्रम ३९ वटा, ज्येष्ठ नागरिक १,तेस्रो लिंगि ४,युवा विकास २ वटा र वाल विकास कार्यक्रम ११,पिछडा वर्ग ११ वटा) जम्मा लाभान्वित समुदाय .... जना ।<br>आदिवासी जनजाती जिल्ला समन्वय समितिको १ वटा मात्र वैठक सम्पन्न । (योजना छनौटका लागि)<br>फागुन २४ गते दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको १ वटा वैठक सम्पन । (बजेट विनियोजन, समवेदना लगायत ।)<br>अपांग समन्वय समितिको गठन चैत्र ४ गते । वैठक १ वटा सम्पन्न ।<br>महिला समन्वय समितिको ५ वटा वैठक सम्पन्न । | |

| | | | |
|---|---|---|---|
| सामाजिक परिचालन कार्यक्रम | सेवा प्रदायक संस्थाहरु मार्फत सामाजिक परिचालन गर्नु । | ४९ गाविस, १ न.पा पूरै र १ न.पा मा आंशिक सामाजिक परिचालन ।<br>सेवा प्रदायक संस्था : ६ वटा ।<br>नागरिक सचेतना केन्द्र : ४९ वटा ( सदस्य संख्या : १२७४ जना)<br>दलित : ११८५ जना<br>जनजाति : ५५ जना<br>अन्य : ३३ जना<br>वडा नागरिक मञ्च : ४५६ वटा ( सदस्य संख्या ११४०० जना ।<br>(महिला ३२५१, पुरुष ४६८७) | |
| क्षमता विकास कार्यक्रम | कर्मचारीहरुको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्नु । | सामाजिक परिचालक, राजनीतिक दलका प्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि तालिम र अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरेको । | |
| सामाजिक सुरक्षा कार्यक्रम | | जम्मा १७४५१ जनाले ज्येष्ठ नागरिक भत्ता प्राप्त गरेको ।<br>असहाय विधवा भत्ता १७६६२ जनाले प्राप्त गरेको ।<br>६१३ जनाले अशक्त भत्ता भाएको ।<br>दलित ज्येष्ठ नागरिकहरु ३६५७ जनाले भत्ता प्राप्त गरेको ।<br>लोपोन्मुख १३ जना<br>जिविसले रु.२३०८९७८०० हजार रकम सुरक्षा कार्यक्रम अन्तर्गत खर्च गरेको ।<br>सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. रेडियो कार्यक्रम मार्फत जनसमुदायलाई सुसूचित गर्ने गरिएको छ ।
ख जिल्ला विकास योजना पुस्तिका तयारी तथा वितरण गर्नका साथै चौमासिक बुलेटिन प्रकाशन ।
ग मासिक रुपमा सरोकारवालहरुसँग छलफल गर्ने गरिएको ।
घ. जिविसको वेवसाईट तथा फेसबुक तयारी गरी संचालनमा ल्याइएको ।
ङ योजनाहरुको होर्डिंग बोर्डहरु राख्न शुरु गरिएको ।
च. उपभोक्ता समितिहरुलाई योजना संचालन सम्वन्धमा अभिमुखिकरण गर्ने गरिएको ।
छ. पेश्की दिने कार्यलाई निरुत्साहन गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| लक्षित समुदाय विकास कार्यक्रम | • आदिवासी जनजातीय विकास कार्यक्रम तर्फ रु २५६६१९५ ।<br>• दलित वर्ग उत्थान तर्फ : रु.२१३८४९६ ।<br>• महिला लक्षित तर्फ रु. ६२८४६५६ ।<br>• वालवालिकाका लागि रु. ६२८४६५६ ।<br>• मधेशी मुस्लिम पिछडा वर्गका लागि रु. १२८३०९७<br>• अपा.गता उत्थान कार्यक्रम रु. ११९७५५७<br>• जेष्ठ नागरीक रु. ४२७६९९<br>• युवा विकास रु. ४२७६९९<br>• यौनिक अल्पसंख्यक रु. ५१३२३९ |
| सामाजिक परिचालन कार्यक्रम | • सामाजिक परिचालन : ४९ बटा गाविसहरुमा ६ वटा गैससहरु र स्थानीय विकास कोष मार्फत सामाजिक परिचालन भइरहेको<br>नागरिक सचेतना केन्द्र : ४९ वटा<br>(सदस्य संख्या : १२७४ जना ।<br>दलित : ११८५ जना<br>जनजाति : ५५ जना<br>अन्य : ३३ जना<br>वडा नागरिक मञ्च : ४५६ वटा (सदस्य संख्या ११४०० जना । |
| रोजगारी सिर्जना | • विभिन्न भौतिक पूर्वाधारका कामहरुबाट योजना अवधिमा नै तथा योजना सम्पन भइ सके दिन रोजगारी सिर्जना भएको । |
| विकासमा समान सहभागिता | • लक्षित समुह समन्वय समिति मार्फत सहभागिता अभिवृद्धिमा जोड दिइएको ।<br>• नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>• लक्षित समूह विकास कार्यक्रमले लक्षित वर्गको पहुँग अभिवृद्धि गर्नका साथै विकासमा समान सहभागिताको अवसर सिर्जना गरेको छ । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | • महिला समन्वय समितिका ५ वटा वैठक बजेट सम्पन्न । बैठकहरु वजेट पुनरावलोकन र कार्यान्वयन सँग सम्वन्धित रहेका । संस्था, समूह तथा व्यक्तिहरुले रु. ५५०० सय देखि २ सम्म खर्च गरेको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. समयमा बजेट सिलिंग प्राप्त नभएको तथा कम बजेट प्राप्त भएको
ख. जिविसको आन्तरिक श्रोतहरुमा कमी हुँदै गएको
ग. उपभोक्ता समिति भित्र आपसी विवादका कारण समयमा काम सम्पन्न गर्न कठिनाइ ।
घ. समय सापेक्ष कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न नसकिएको ।
ङ प्रभावकारी अनुगमन गर्न नसकिएको ।
च. योजना मागको संख्या अत्याधिक हुने गरेकोले सीमित स्रोतका कारण माग भइ आएका सबै योजनाहरुको सम्बोधन गर्न नसकिएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. स्थानीय निकायका परिषदले निर्णय र सिफरीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।
ख. आन्तरिक स्रोतमा बढोत्तरी गर्न आवश्यक अध्ययन, परामर्श गरी निर्णय गरिनुपर्ने ।
ग. कर्मचारी तथा उपभोक्ता समितिहरुको समय सापेक्ष क्षमता विकास गराउने ।
घ मन्त्रालयबाट समयमा नै मार्गदर्शन तथा बजेट सिलिंगहरु प्राप्त हुनुपर्ने ।
ङ अनुगमन प्रक्रियालाई अझ व्यवस्थित गर्ने ।

## ७.४ जिल्ला स्वास्थ्य कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** जिल्ला स्वास्थ्य कार्यालय

**२. लक्ष्य**

क. जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्यअवस्थामा सुधार गर्नु

**३. मूख्य उद्देश्य**

क. स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।

ख. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| बाल स्वास्थ्य कार्यक्रम | ८४००१ जना<br>राष्ट्रिय खोप दिवस, पोषण कार्यक्रम, समदायमा आधारित वाल स्वास्थ्य कार्यक्रम | ६२५४५ जना ।<br>७४ प्रतिशत वालवालिकाले खोप प्राप्त गरेको ।<br>कुपोषित वालवालिकाको स्वास्थ्यमा सुधार ल्याइएको । | (लक्ष्य वढी लिइएको हुनसक्ने ।) |
| पोषण कार्यक्रम | १०७००० हजार एल्वेण्डाजोल वितरण<br>आइरन २५७६३ चक्की जना,<br>भिटामिन ए क्याप्सुल वितरण ७७९८५ | ८३८९२ वितरण भएको<br>१७७२० जनालाई आइरन चक्की वितरण भएको<br>भिटामिन ए क्याप्सुल वितरण ९३५७३ | अलवेण्डाजोल ७८ प्रतिशत,आईरन ८८ प्रतिशत, भिटामिन ए क्याप्सुल ९७ प्रतिशत |
| परिवार स्वास्थ्य कार्यक्रम | १०३८६ जना ।<br><br>स्थायी बन्ध्याकरण १५००<br><br>आइयुडी सेवा१५४४<br>ईम्प्लान्ट सेवा ९३८<br><br>आमा सुरक्षा ७८९१ जना<br>परिवार नियोजन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम र आउटरिच कार्यक्रम संचालन गर्नु | १०४११<br>अस्थायी<br>कण्डम ३९९२८७१<br>पिल्स ३८७१२<br>डीपो ५५००<br>आडियु सेवा १५४४<br>ईम्प्लान्टसेवा ९३८ जना<br>आमा सुरक्षा ७०९७जना ।<br><br>कन्ट्रासेप्टीक प्रयोग गर्नेहरुको संख्या ७१ प्रतिशतबाट पुगेको ।<br>सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको । | गत वर्षको भन्दा सबै सेवाहरुमा भन्दा वढी देखिएको । |
| रोग नियन्त्रण | टिवी, मलेरीया, | DOTs treatment centres बाट | |

| | | | |
|---|---|---|---|
| | कुष्ठरोग नियन्त्रण र एचआईभि नियन्त्रण कार्यक्रम संचालन गर्नु । | सेवा उपलब्ध गराइएको । ९८८ जनाले एच आई भी पोजिटिभहरुले स्वास्थ्य सेवा लिइरहेका । सेवा क्षेत्र विस्तार गरी विभिन्न प्कारका रक्त परीक्षण भई एच आइ भि पोजिटिभ देखिएर सेवा लिई रहेका । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. अघिल्लो वर्षका नीति तथा सुधारहरुलाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार । वडा स्तरसम्म खोप सेवाको उपलब्धता । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | करीव ६७३६४ जना वालवालिकाहरुलाई खोप उपलब्ध गराइएको । कोही पनि वालवालिकाको झाडापखालाका कारण मृत्यु नभएको । |
| खोपमा पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ९० प्रतिशत वालवालिकामा खोपको पहुंच पुगेको । |
| ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २०१९३ जनामा८८१७ जनाले जाँच गराएको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १२१९२ जना |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नभएको |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | (९० प्रतिशत) |
| एच आई भि एड्स | एच आइ भि देखिएका ९८८ जना सबैले सुविधा लिईरहेका । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. सूचना व्यवस्थापनमा कठिनाई

ख. पर्याप्त साधन स्रोतको उपलब्धता नभएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. बजेट कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने ।

ख. पर्याप्त मात्रामा बजेट तथा कार्यक्रमहरु उपलब्ध हुनुपर्ने ।

## ७.५ जिल्ला कृषि विकास कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** जिल्ला कृषि विकास कार्यालय

**२. लक्ष्य**

क. कृषि सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको आर्थिक अवस्थामा सुधार गर्नु

**३. मूख्य उद्देश्य**

क. कृषि प्रविधिको विकास विस्तार गर्दै कृषिलाई आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने

ख. कृषि विकासका कार्यक्रमहरुबाट रोजगारी सिर्जना गरी राष्टिय उत्पादन वृद्धि त गर्नु

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| कृषि प्रसार सेवा कार्यक्रम | व्यवसायिक खेति विस्तार कार्यक्रम | १००० हेक्टरमा मकै खेति विस्तार भइ थप ७००० मे.ट. उत्पादन भइ १४ प्रतिशतले मकै आयात प्रतिस्थापन भएको । | |
| सिंचाइ तथा साना सिंचाइ कार्यक्रम | ग्रामिण षेत्रमा सि.चाइ सुविधा वृद्धि गर्ने | ३०९ हेक्टरमा वर्षभरी सिंचाइ सेवा पुगि ३०० प्रतिशत वाली सघनता | |
| सहकारी खेति विकास कार्यक्रम | विपनन समुदायलाई कृषि पेशामा सहभागि गराइ आर्थिक सशक्तिकरण गर्ने | २७ विगाहमा काँक्रो खेति विकास गरी ४८ लाख आम्दानी<br>२५ विगाहमा वेसार खेति प्रबर्द्धन<br>२० हेक्टर मा माछा पोखरी निर्माण भइ ७० मे.ट. माछा उत्पादन | |
| युवा लक्षित कार्यक्रम | युवा वगृलाइ व्यवसायिक खेतिमा सहभागि गराउने | ४२ विगाहमा व्यवसायिक तरकारी खेति<br>१७०० जनालाइ रोजगारी<br>१ करोड ५ लाख वरावरको कारोवार | |
| कृषि प्रसार कार्यक्रम | कृषि उतपादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने | • ८८ हे. क्षेत्रफलमा धान तथा गहुमा विज वृद्धि भई १८० मे. टन गुणस्तरीय बीउ कषक कृषक प्रसार पद्धति अर्न्तगत परिचालित ।<br>• २ वटा मत्स्य स्वास्थ्य शिविर तथा २ वटा वाली उपचार शिविर संचालन ।<br>• १५०० जना कृषकले कृषि उन्नत प्रविधि सम्बन्धि ज्ञान तथा सिप हासिल ।<br>• रेडियोमा कृषि कार्यक्रम प्रसारण तथा सुचना प्रसारण । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. कार्यालयको वेव साइट अद्यावधिक गरिएको ।
ख. समन्वय समितिहरुको निरन्तर वैठक
ग. प्रांगारिक खेती तर्फ कृषकहरुलाई प्रोत्साहन गरिंदै आएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| रोजगारी निर्माण | • १७०० युवाहरु तरकारी खेतीबाट रोजगार भएका । |
| गरिवी निवारण | • काँक्रो खेतीबाट ४८ लाख आम्दानी बढेको<br>• व्यवसायिक तरकारी खेतीबाट १५ सय कृषक लाभान्वित भएका तथा १ करोड ४८ लाख भन्दा वढीको कारोबार भएको । २५ विगाहमा वेसार खेति प्रबर्द्धन<br>• २० हेक्टर मा माछा पोखरी निर्माण भइ ७० मे.ट. माछा उत्पादन |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. उखु बालीमा किरा फट्यांग्राहरुको प्रकोप बढेको ।
ख. बढुवा समायोजन भई पदस्थापना हुनु भएका कर्मचारीलाई मौजुदा श्रोत साधनबाट आधारभूत सुविधा उपलब्ध गराउन कठिनाई ।
ग. सेवाकेन्द्रहरुमा पर्याप्त स्रोत साधनको अभाव ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
ख. सेवा केन्द्रको क्षमता विकास र जनशक्ति थप गर्नुपर्ने ।

## ७.६ जिल्ला पशु सेवा कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** जिल्ला पशु सेवा कार्यालय

**२. लक्ष्य**

क. पशु पालनको माध्यमबाट ग्रामिण जनसमुदायको आर्थिक अवस्थामा सुधार गर्नु

**३. मूख्य उद्देश्य**

क. पशु पालन लाइ आधुनिकिकरण तथा व्यवसायिकरण गर्ने

ख. पशु विकासका कार्यक्रमहरुबाट रोजगारी सिर्जना गरी राष्टिय उत्पादन वृद्धि त गर्नु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पशु आहारा विकास कायृक्रम | | गत वर्ष ३३८ हेक्टरमा लगाइएको घाँस यस वर्ष ५१६ हेक्टरमा लगाइएको ।<br>हिउदे घाँस २१८ हेक्टरबाट २४२<br>वर्षे १०० हे बाट १९४<br>वहुवर्षे २० बाट ८० हेक्टर | |
| a.i. mission | कृत्रिम गर्भादान | गत वर्ष १२८६५ भउको मा यस वर्ष १४३१६ भएको<br>मिसन अन्तर्गत ३४७३ भइ जम्मा १७७८९ कृत्रिम गर्भाधान भएको | |
| पशु विकास कार्यक्रम | कत्रिम गर्भाधानबाट नश्ल सुधार<br>समूह विस्तार र विकास<br>पशु उपचार कार्यक्रम<br>पशु स्वास्थ्य घुम्ति कोष परिचालन<br>पशु विमा कार्यक्रम | यस वर्ष २० समुह थप भइ १९६ समूह क्रियाशिल रहेका<br>६५४५६ पशुको स्वास्थ्इ परिक्षण गरिएको ( सरकारी ४८७६४ र निजि १६६९२)<br>५८८२ वटा प्रयोगशाला परिक्षण भएको<br>७ वटा पशुस्वास्थ्य शिविर सञ्चालन भइ ३०३१ पशु को स्वास्थ्य परिक्षण भएको ।<br>८७३ परिवारले रु ५३३४८० रकम प्राप्त गरी परिचालन गरेको ।<br>७०९ पशु हरुको विमा गरिएको र मूल्यांकन रकम रु ४१५२५२५० रहेको | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. जिल्लालाई पशु पालन विकासका लागि ६ वटा पकेट क्षेत्रमा विभाजन गरि कार्य संचालन गरिएको ।

ख. राम्रो काम गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्वस्था गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| आदिवासी जनजाति तथा दलित हरुको सहभागिता वृद्धि | कार्यक्रमबाट १५.३१ प्रतिशत दलित, ३२.४७ पतिशत जनजाति, र ४८.८१ पतिशत अन्य समूदाय लाभान्वित भएका छन्। |
| उत्पादन वृद्धि गरी आय आर्जनमा वृद्धि | यस वर्ष दुध ३८३७१ मे.ट.मासु ९३१४ मे.ट. उन ३१९९ के.जि. र अण्डा ३११२१००० थान उत्पादन भएको छ । |
| क्षमता विकास | सेवा केन्द्र स्तरीय महिला ५६४ पुरुष ३३६ जना क्षेत्रिय स्तरीय कृषक तालिम महिला ११ पुरुष १५ जना सहायक कर्मचारी १५ जना पुरुष तथा अधिकृत ४ जना पुरुषलाइ तालिम प्दान गरिएको छ । |
| समूदाय सशक्तिकरण | विभिन्न विषयगत समूह निर्माण परिचालन गरि यस वर्ष २० समुह वृद्धि भएका छन् । |
| सेवा विस्तार | सहज पहँचका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरी ग्रामिण क्षेत्रका ५८२ परिवार तथा ३०७१ पशु लाभन्वित भएका |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. वेरुजु रहेको

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. बेरुजु अद्यावधिक गर्दै लानुपर्ने ।

## ७.७ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरी

**१. विषयगत कार्यालयको नाम : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरी**

**२. लक्ष्य**

क. स्वच्छ खानेपानी आपूर्ति तथा सरसफाईको प्रवर्द्धन गर्नु ।

**३. मूख्य उद्देश्य**

क. समुदायमा स्वच्छ खानेपानीको क्षेत्र बढाउने ।
ख. सरसफाईमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।
ग. भइरहेका खानेपानी योजनाहरुको गुणस्तर सुधार गर्ने तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| जिल्ला स्तरीय आयोजना | हाल सम्म सञ्चालित आयोजना संख्या २७ वटा ओभरहेड कार्यक्रम संचालनमा रहिरहेको तथा यो आवमा ४ वटा योजना थप भएको ।<br>३ वटा ग्राभिटी योजना संचालन | उक्त योजनाहरु कार्यान्वयनमा रहिरहेका । कूल जनसंख्याको ८८ प्रतिशत जनसंख्यामा खानेपानी आपूर्तीको व्यवस्था भएको । गत वर्ष भन्दा २ प्रतिशतले वृद्धि भएको । | |
| वातावरण तथा सरसफाई कार्यक्रम | खुल्ला दिशा मुक्त अभियान संचालन | २ नगरपालिका र २४ वटा गाविसहरु खुल्ला दिसा मुक्त घोषणा भएको । | |
| खानेपानी सुरक्षा कार्यक्रम | ३० वटा आर्सेनिक परीक्षण | | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. गत वर्षका सुधार कार्यहरुलाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सरसफाई<br>शौचालय समेत । | २४ वटा गाविस र २ वटा नगरपालिकाहरु खुल्ला दिसामुक्त घोषणा भएका ।<br>सरसफाई गुरुयोजनाको मापदण्डअनुसारको शौचालय ७० प्रतिशतबाट ८० प्रतिशत पुऱ्याइएको ।<br>सन् २०१५ सम्ममा जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गराउन चेतनामूलक, उत्प्रेरणामूलक तथा बाध्यात्मक तरिकाबाट खुल्ला दिसामुक्त अभियान संचालन भइरहेकोछ ।<br>मिसन ओ डि एफ अभियान संचालन भइरहेको । |
| स्वच्छ खानेपानी आपूर्ति | समग्र जनसमुदायमा ८६ प्रतिशत कभरेजबाट ८८ प्रतिशत भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. योजनाका लागि क्रमागत वजेट आउने हुँदा समयमा नै योजना सम्पन्न गर्न र उपलब्धी लिन कठिनाइ देखिएको ।

ख. सरसफाई अभियान समयमा नै सम्पन्न गर्न कठिनाई

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. योजना संचालनका लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।

ख. खानेपानी व्यवस्थापन सम्वन्धी एकिकृत सूचना प्रणालीको स्थापना हुनुपर्ने ।

ग. सरसफाई सम्वन्धी एकिकृत अभियान संचालन गर्नुपर्ने ।

घ. पोष्ट ओ डि एफ गतिविधिहरु संचालन गर्नुपर्ने ।

## ७.७ घरेलु तथा साना उद्योग  कार्यालय, सुनसरी

**१. विषयगत कार्यालयको नाम :** घरेलु तथा साना उद्योग, कार्यालय

**२. लक्ष्य**

क. जिल्लामा लघुउद्यमीहरुको क्षमता विकास मार्फत गरिवी निवारणमा सहयोग पुर्‍याउनु ।

**३. मूख्य उद्देश्य**

क. लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तारमा सहयोग पुर्‍याउनु ।

ख. रोजगारीका अवसर सृजन ागर्न माग तथा आवश्यकता अनुसार सीप विकास तालिम संचालन गर्ने ।

ग. उद्यमशीलताको विकासको माध्यमबाट गरिवी निवारणमा सहयोग पुर्‍याउने ।

घ. नयाँ नयाँ प्रविधिको हस्तान्तरण गरी उत्पादनमा सहयोग पुर्‍याउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| उद्यमशीलता विकास सचेतना | २०० | २१७ जनालाइ तालिम प्दान गरिएको | |
| प्रविधि हस्तानतरण | | ५२ थान विभिन्न मेशिन हस्तान्तरण गरिएको<br>मैन वत्ति डाइ २४ थान<br>सिलाइ मेशिन १४ थान<br>मुर्ति वनाउने रवरको डाइ ९<br>वुटिक तान २ थान<br>अर्चा वुटिक २ थान<br>इम्व्रोइडरी मेशिन १ थान | |
| गरीवि न्यूनिकरणका लागि उद्यमशीलता विकास | | कायाृलयबाट २६४ जना<br>मेडेपबाट १६३ जना | |
| साझेदारी विकास कार्यक्रम | | | |
| शीप विकास कार्यक्रम | २०० जनालाइ तालिम प्दान गर्ने | २१४ जना लाई तालिम प्दान गरिएको | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

नभएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| आदिवासी जनजाति तथा दलित हरुको सहभागिता वृद्धि | कार्यक्रमबाट १५.३१ प्रतिशत दलित, ३२.४७ प्तिशत जनजाति, र ४८.८१ प्रतिशत अन्य समूदाय लाभान्वित भएका छन्। |
| उत्पादन वृद्धि गरी आय आर्जनमा वृद्धि | यस वर्ष दुध ३८३७१ मे.ट.मासु ९३१४ मे.ट. उन ३१९९ के.जि. र अण्डा ३११२१००० थान उत्पादन भएको छ । |
| क्षमता विकास | सेवा केन्द्र स्तरीय महिला ५६४ पुरुष ३३६ जना क्षेत्रिय स्तरीय कृषक तालिम महिला ११ पुरुष १५ जना सहायक कर्मचारी १५ जना पुरुष तथा अधिकृत ४ जना पुरुषलाइ तालिम प्दान गरिएको छ |
| समूदाय सशक्तिकरण | विभिन्न विषयगत समूह निर्माण परिचालन गरि यस वर्ष २० समुह वृद्धि भएका छन् । |
| सेवा विस्तार | सहज पहँचका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरी ग्रामिण क्षेत्रका ५८२ परिवार तथा ३०७१ पशु लाभन्वित भएका |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. मागको तुलनामा पर्याप्त बजेट तथा कार्यक्रमको अभाव

ख. जनशक्तिको न्यूनता

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. जिल्लाका उद्यमीहरुको आवश्यकता तथा माग अनुसार सहयोग गर्न सकिने गरी बजेटको व्यवस्था हुनुपर्ने ।

ख. वस्ती स्तरबाट आएका मागहरुको सम्वोधन हुने खालका योजनाहरु समावेश हुनुपर्ने

ग. अनुगमन पर्याप्त मात्रामा हुनुपर्ने ।

घ. उद्यमशीलता विकास तथा सीपमूलक कार्यक्रमहरुको एकिकृत रुपमा सूचना व्यवस्थापन हुनु पर्ने ।

## ८ सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्नेकाम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवलपक्षहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

- जिविस तथा विषयगत कार्यालयहरुले सामाजिक परीक्षण अन्तर्गतका सुझावहरु कार्यान्वयन गर्न शुरु गरेका छन् ।
- अघिल्लो वर्षको तुलनामा यो वर्ष केही सामाजिक सूचकहरु (स्वास्थ्यमा पहुँच, वाल स्वास्थ्य, प्रजनन् स्वास्थ्य, महिला हिंसा विरुद्धका गतिविधिहरु, सामाजिक परिचालन, रोजगारी वृद्धि लगायत) मा उपलब्धी देखिएकोछ । जसलाई यस वर्षको उपलब्धी शिर्षकमा माथी उल्लेख गरिएको छ ।
- प्रायजसो कार्यालयहरुले सामाजिक समावेशीकरण तथा लैंगिक अवधारणा अनुरुप खण्डिकृत तथ्यांकलाई व्यवस्थित गरेका छन् ।
- जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैससहरुले समेत यथासक्य सामाजिक विकासमा जोड दिएका छन् । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सामाजिक विकासका लागि समन्वयकारी भूमिका खेल्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जसलाई जिविसले निरन्तरता दिएकोछ ।
- जिल्ला विकास समितिले समन्वय समितिका वैठकहरुलाई निरन्तरता दिएको छ ।
- जिल्लामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच जिविसले समन्वय र सहकार्य गरेको छ ।
- जिल्ला विकास समितिले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ । जसका लागि कर्मचारी, दलका प्रतिनिधिहरु, सामाजिक परिचालक, गाविसहरुलाई यथासक्य तालिम, अध्ययन अवलोकन भ्रमण गराएको छ ।
- जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई र जिल्लामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- सामाजिक विकास कार्यमा विकास साझेदार निकायहरु, गैससहरु र विभिन्न नागरिक संजालहरुसँग सहकार्य समेत भएको छ । खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।

## ९ सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

जिल्ला विकास समितिले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सहयोगी कर्मचारीहरु  थप हुनु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जिविसले जिल्लाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्नअनुसार रहेका छन् ।

- गत वर्ष भन्दा सामाजिक विकासका क्षेत्रहरुमा सुधार भएता पनि सामाजिक परीक्षण सम्वन्धमा विषयगत निकायहरुमा प्रष्टता आइरहेको अवस्था देखिंदैन । जसका कारण सामाजिक जिम्मेवारीको क्षेत्र र ती क्षेत्रसँग सम्वन्धित सूचकहरुमा विषयगत स्पष्टतामा अझै पर्याप्तता देखिएको छैन ।
- विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट समेत भौतिक विकासबाट सामाजिक लक्ष्य पुरा भए नभएको अभिलेख राख्न अझै पनि सकिरहेको अवस्था छैन ।
- कार्यालयहरुले सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा सूचना अद्यावधिक गर्न सकेको देखिंदैन ।
- सामाजिक विकासको दृष्टिले लक्षित तथा पिछडिएको क्षेत्रमा भएको लगानीको प्रभावकारीता अनुगमन गर्न सकेको देखिंदैन ।
- जिल्लाका कार्यालयहरुले प्रयोग गर्ने आधार तथ्यांक एकरुपता हुन चुनौती देखिएकोछ । जसले गर्दा जिल्लाको समग्र उपलब्धि मापन गर्न सहजता प्राप्त हुन्छ ।
- विभिन्न कार्यालयहरु मार्फत भइरहेका सामाजिक परिचालन प्रक्रियाहरुबाट प्राप्त उपलब्धीहरुलाई एकिकृत गर्न पर्दछ ।
- विद्यमान स्रोत, साधनबाट प्राप्त उपलब्धीको दिगोपनाको सुनिश्चितता र प्राप्त सबै प्राकृतिक स्रोतहरुलाई विकास प्रवाहसँग जोड्न सकिएको छैन ।
- प्रकोप जोखिम न्यूनीकरण तर्फ समेत सामाजिक लेखाजोखाका सूचकहरु बनाइएको छैन ।
- लक्षित क्षेत्र विकास कार्यक्रम अन्तर्गतका भौतिक पूर्वाधारका योजनाहरुलाई सामाजिक उपलब्धी उल्लेख गर्न नसकिएको ।

## १०	सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षणमा देखिएका कमजोर सूचकहरुको वृद्धिका लागि स्थानीय निकायले नेतृत्व दायी भूमिका निर्वाह गर्नुपर्दछ ।

- सामाजिक जिम्मेवारी पुरा गर्न विकास योजनाहरुलाई उपलब्धि लक्षित बनाइनु पर्दछ । जस्तै : विद्यालयमा पहुँच नभएका बालवालिकाहरुका पहुँच सुनिश्चित गराउने । उत्तिर्ण प्रतिशतलाई १०० प्रतिशत बनाउन प्रयत्न गराइनु पर्दछ । कक्षा दोहोर्‍याउने दर घटाउने । साथै खानेपानी तथा शौचालय सुविधा नभएका विद्यालयहरुमा खानेपानी आपूर्ति तथा शौचालय निर्माण तथा व्यवस्थापनमा जोड दिने तर्फ लगानी प्रवर्द्धन गर्नुपर्दछ ।
- जिल्ला विकास समिति अन्तर्गत हुने सबै कार्यालयहरुले प्रयोग गर्ने आधारभूत तथ्यांकमा एकरुपता ल्याई सामाजिक विकास उपलब्धि मापन गरिनु पर्दछ । जस्तै : घरधुरी संख्या, समग्र जनसंख्या, ५ वर्ष मुनीका वालवालिकाको संख्या आदि । जिविसले यसका लागि डाटाबेस प्रणाली विकसित गराउन सक्दछ ।
- सरोकारवाला निकायहरुलाई सामाजिक विकास सूचकहरुको बारेमा प्रष्ट पार्नु पर्दछ र वार्षिक समिक्षा वैठकहरु विकास सूचकहरुको आधारमा सम्पन्न गर्नुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माण, वन तथा वातावरण प्रवर्द्धन, बाट हुने सामाजिक नतिजाको लेखाजोखा र समग्र सूचना व्यवस्थापन हुने परिपाटी विकास गर्नुपर्दछ ।
- लक्षित क्षेत्र विकास बजेट तथा अन्य सामाजिक विकास क्रियाकलापहरु र सामाजिक प्रतिफलको प्रभाव मूल्यांकन समेत गर्नुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा, विद्यालय र सेवा केन्द्रसम्म जनसमुदायको पहुँच अभिवृद्धि गर्ने तर्फ केन्द्रित हुनु पर्दछ । जसले गर्दा जनसमुदायको स्वास्थ्य केन्द्र, विद्यालय, अन्य सेवा केन्द्र र बजार तर्फ पुग्न छिटो र सजिलो हुन सकोस् ।
- लक्षित वर्ग केन्द्रित बजेटको प्रभावकारी कार्यान्वयनका लागि बजेट तथा कार्यक्रमलाई विपन्न मुखी बनाइनु पर्दछ । साथै प्रभावकारी कार्यान्वयनका लागिअनुगमन तथा सुपरीवेक्षण प्रक्रियालाई सशक्त बनाउनु पर्दछ र साथै लक्षित क्षेत्र विकासका लागि गाविस स्तरमा भए गरेका उपलब्धीहरुको समेत लेखाजोखाको समष्टीगत प्रतिवेदनहरु तयार गर्नु पर्दछ ।
- सामाजिक परीक्षणलाई निरन्तरता दिनु पर्दछ र यो प्रकृयालाई विषयगत कार्यालयहरु गाविसस्तरमा समेत अभ्यास गर्नुपर्दछ ।

### सामाजिक परीक्षक


विदुर सुवेदी 
धनकुटा ७, डाँडागाउँ
सम्पर्क नं. : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com
सम्पर्क : हुसाडेक नेपाल, धनकुटा ७, डाँडागाउँ

मिति : २०७१ कार्तिक २९ गते ।

**सन्दर्भ पुस्तक तथा सामग्रीहरु :**


- सरकारी कार्यालयहरुको वार्षिक समिक्षा प्रतिवेदन आ.व. २०७०-७१, जिविसको कार्यालय,
- वार्षिक प्रगती विवरण आ.व. २०७०-७१, जिल्ला विकास समितिको कार्यालय, सुनसरी
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन निर्देशिका २०६९
- दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५, उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- जिल्ला परिषदका निर्णयहरु (आर्थिक वर्ष २०६८-६९ र २०६९-७० र २०७०-७१)
- सुनसरी : जिल्ल वस्तुगत विवरण २०७०, तथ्यांक कार्यालय, सुनसरी
- जिल्ला विकास योजना २०७०-७१
- जिल्ला विकास योजना २०६९/७०
- जिल्ला स्वास्थ्य प्रतिवेदन २०७०-७१, जिल्ला स्वास्थ्य कार्यालय, सुनसरी